# परिच्छेदः एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

भाषा विषयको मापन कार्य जटिल हुनेछ । नेपाली भाषा विषयको प्रश्नपत्र निर्माणमा सम्बन्धित विषयविज्ञ नहुनु विशिष्टीकरण तालिकाको प्रयोग नगर्नु आदि थुप्रै समस्याहरू देखिएका छन् । आठ कक्षाका नेपाली भाषाका प्रश्नपत्र एवम् प्रश्नपत्रहरूको तुलनात्मक र सैद्धान्तिक विश्लेषण गर्ने र विश्लेषणका आधारमा देखिएका त्रुटि एवम् कमजोरीको पहिचान गरि निष्कर्ष तथा सुझावहरू पेश गर्ने उद्देश्यमा प्रस्तुत शोधकार्य केन्द्रित हुनेछ ।

यस प्रकारको अपेक्षा हासिल गर्ने निश्चित विषयवस्तु चयन गरी सोका आधारमा शिक्षण सिकाइ क्रियाकलापमा सञ्चालन गरिनेछ ।शैक्षिक क्षेत्रमा विद्यार्थीहरूमा निश्चित ज्ञान, सीप, तथा व्यवहारको विकास गराउने अपेक्षा गरिनेछ ।

मूल्याङ्कनको बहुप्रचलित पद्धतिको रूपमा लिखित परीक्षा स्थापित भएको छ । प्रश्नपत्र लिखित परीक्षाको भरपर्दो साधन हो । विद्यार्थीहरूको पढाइ तथा लेखाइ सीप क्षमताको मापन एवम् मूल्याङ्कन गर्नका लागि परीक्षामा प्रश्नपत्रको उपयोग गरिन्छ । परीक्षामा उपयोग गरिने प्रश्नपत्र सरलबाट जटिलमा क्रमबद्ध, स्पष्ट, शुद्ध, स्तरीय एवम् विशिष्टीकरण तालिका अनुसार निर्माण गरिनु पर्दछ (पराजुली र अन्य, २०६८ : १४८) ।मूलतः आन्तरिक र बाह्य दुवै पक्षमा गुणस्तरीय प्रश्नपत्रबाट मात्र परीक्षणमा विश्वसनीयता र वैधता कायम गर्न सकिन्छ ।

मूल्याङ्कनको अवधारणा निकै पूरानो भएको पाइन्छ । सामान्य अर्थमा कुनै पनि विषयवस्तु वा चिजको लेखाजोखा, छानबिन वा जाँचबुझ गर्ने कार्य मूल्याङ्कन हो (ऐ. : ४) । मानिसले दैनिक जीवनका काम कारबाहीहरूमा गर्ने गल्ती, त्रुटि र कमजोरीहरूलाई सुधार गर्दै भावी सुधारात्मक क्रियाकलाप गर्दै जाने गर्दछ । जुन प्रक्रियालाई मूल्याङ्कन भनिन्छ (शर्मा र अन्य, २०६२ : १०७) ।मूल्याङ्कन एक बृहत् अवधारणा हो । मूल्याङ्कनको

बहुप्रचलित साधनको रूपमा रहेको प्रश्नपत्रको अध्ययन विश्लेषणको प्रचलन पनि निकै लामो रहेको पाइन्छ ।

शिक्षकले पाठ्यक्रमले तोकेको उद्देश्य, विषय, प्रकृति, समय र स्रोत साधनको उपलब्धता र विद्यार्थीको रुचि र क्षमताका आधारमा के कस्ता सिकाइ क्रियाकलापहरू चयन गर्ने र त्यसमा विद्यार्थीहरूलाई कसरी सहभागी गराउने भन्ने कुराको निर्णय गरिएको छ । शिक्षण सिकाइ सञ्चालनको क्रममा शिक्षकले विभिन्न शैक्षिक सामाग्रीहरूको प्रयोग गरि विद्यार्थीलाई सिकाइ क्रियाकलापमा सरिक गराइएको भने उसको भूमिका सहयोगी र मार्ग निर्देशकहरूमा रहेको छ । यसरी हेर्दा शिक्षण एक गहन र जटिल कार्य हो भन्न सकिन्छ । शिक्षण सिकाइको शृङ्खला त्यसैमा मात्र सीमित हुनेछैन । शिक्षण सिकाइ क्रियाकलापको समाप्ती पछि त्यसबाट विद्यार्थीहरूमा चाहेका ज्ञान, सीप तथा व्यवहारहरू विकास भए/नभएकोनिर्क्यौल गरी यदि चाहेका ज्ञान, सीप तथा व्यवहार विकास नभएमा विद्यार्थीलाई आवश्यक पृष्ठपोषण प्रदान गरि थप सिकाइको अवसर सृजना गर्नु शिक्षकको अर्को महत्वपूण कार्य रहेको छ । विद्यार्थीहरूमा हासिल भएका ज्ञान, सीप तथा व्यवहारहरूको लेखाजोखा गर्ने कार्यलाई शिक्षण प्रक्रियाको अभिन्न अङ्गको रूपमा लिइएको छ ( पराजुली र अन्य ,२०६७ ) ।

मूल्याङ्कन विद्यार्थीका सिकाइ सम्बन्धित जानकारी प्राप्त गर्न प्रयोग गरिने सबै प्रकारका विधिहरू जस्तैः लिखित परीक्षा, क्षेणी मापन, अवलोकन र तिनीहरूबाट प्राप्त जानकारीका आधारमा सिकाइको गुणस्तर लेखाजोखा गर्ने प्रक्रियालाई जनाउँनेछ । यस अर्थमा हेर्दा मूल्याङ्न बृहत र एक जटिल प्रक्रिया हो । कहिलेकाँही मापनबाट प्राप्त सङ्ख्यात्मक जानकारीले समग्र सिकाइको लेखाजोखा गर्न असम्भव भएमा वा त्यस्ता जानकारी अपूर्ण भएमा मापनबाहेकका अन्य साधनहरू जस्तैः अन्तवार्ता तथा अवलोकनबाट प्राप्त असङ्ख्यात्मक वा गुणत्मक जानकारीलाई समेत प्रयोग गरी मूल्याङ्कन गरिएको छ ।

मूल्याङ्कनमा परीक्षा जस्तो माध्यमबाट प्राप्त हुने सङ्ख्यात्मक प्राप्ताङ्क र परीक्षा बाहेकका अन्य साधनहरू (जस्तै अवलोकन , अर्न्तवार्ता तथा रेटिङ स्केल) द्धारा प्राप्त हुने गुणत्मक तथ्याङ्कहरूका आधारमा लिईएको विद्यार्थी प्रगती सम्बन्धि जानकारीहरू समावेश हुनेछ र सोको आधारमा विद्यार्थीहरूको सिकाइको अन्तिम निर्णय लिइएको छ ।

हाल शिक्षण सिकाइ क्रियाकलापका क्षेत्रमा भएको विकास र परिवर्तित मान्यता अनुसार मूल्याङ्कनका क्षेत्रमा पनि विभिन्न प्रकारका नवीनतम साधन र प्रचलनहरू विकास हुँदै गएका छन् (भण्डारी र अन्य, २०६८ : २०) । खासगरी विज्ञान र प्रविधिको विस्फोटक विकाससँगै विद्यार्थीको ज्ञानात्मक पक्षलाई भन्दा सीप पक्षलाई बढी महत्त्व दिइँदै आएको छ । यस सन्दर्भमा उच्च महत्त्वको परीक्षा, दक्षतामा आधारित मूल्याङ्कन, उपलब्धि सङ्ग्रह जस्ता मूल्याङ्कन प्रणालीहरू स्थापित हुँदै गएका छन् । मापन र मूल्याङ्कनका क्षेत्रमा देखापरेका प्रस्तुत नवप्रवर्तनहरूले विद्यार्थीहरूको सैद्धान्तिक ज्ञानको मात्र मापन नगरी उनीहरूका सीप, अभिवृत्ति, रुचि, व्यक्तित्व, समस्या समाधान गर्ने र नयाँ परिस्थितिसँग समायोजन हुन सक्ने क्षमताको पनि सङ्ख्यात्मक लेखाजोखा गर्ने प्रणालीको विकास गरेका छन् (ऐ.:३०) । यसले परम्परागत मूल्याङ्कन प्रणालीलाई चुनौती दिएको छ ।

शैक्षिक प्रशासनको विकेन्द्रीकरण स्वरूप हाल स्थानीय तहमा स्रोतकेन्द्रको स्थापना गरी विभिन्न शैक्षिक गतिविधिहरू सञ्चालन गरिँदै आएको छ । हाल विद्यालय तहका विभिन्न परीक्षाहरू स्रोतकेन्द्र स्तरबाट सञ्चालन हुने गर्दछन् । विद्यार्थीहरूको समग्र पक्षको मूल्याङ्कनमा लिखित परीक्षा कम विश्वसनीय बन्दै गएको वर्तमान सन्दर्भमा भाषिक सीपहरूको परिक्षण पराम्परागत रूपमा प्रचलित लिखित परीक्षाबाट गर्नु एक चुनौतीपूर्ण कार्य बन्दै गएको छ । स्रोतकेन्द्र स्तरबाट प्रश्न निर्माण गरी परीक्षा सञ्चालन गरिए तापनि प्रश्न निर्माण, परीक्षा सञ्चालन, उत्तरपुस्तिका परीक्षण, प्रश्नपत्र तथा परीक्षाको जाँच र अनुगमन तथा उत्तर पुस्तिका सम्परीक्षण जस्ता विषयमा कुनै ठोस नीति तथा कार्यक्रम बनेको पाइदैन । यसले गर्दा स्रोतकेन्द्र स्तरबाट भएका परीक्षा र मूल्याङ्कन विश्वसनीयता र वैधताका दृष्टिले कमजोर बन्न पुगेको देखिन्छ ।

यो अध्ययन कक्षा ८ को जिल्ला स्तरीय परीक्षामा उपयोग गरिएका प्रश्नहरू प्रश्नपत्रको मापदण्ड, गुण, विशेषता अनुरूप स्तरीय भए नभएको पहिचान गर्न तथा ती प्रश्नपत्रले विद्यार्थीको भाषा सम्बन्धी पढाइ, लेखाइ तथा एकीकृत सीप मूल्याङ्कन गर्न सके नसकेको कुराको अध्ययनमा केन्द्रित रहेको छ । यस शोधकार्यमा विभिन्न जिल्लाद्वारा कक्षा ८को अनिवार्य नेपाली विषयको परीक्षामा उपयोग गरिएका जिल्ला स्तरीय प्रश्नपत्रहरूको विशिष्टता, स्तरीयता, स्पष्टता, क्रमबद्धता, विद्यार्थीको स्तर अनुकूल विश्वसनीयता र

वैधताको अध्ययन बाह्य र आन्तरिक आधारमा गरी शोधकार्यलाई निष्कर्षमा पुऱ्याइएको छ ।

## १.२ समस्याको कथन

भाषिक गम्भीरतालाई नबुझी प्रश्न निर्माण गर्दा भाषिक सीपको उपयुक्त ढङ्गले मूल्याङ्कन हुन सकेको छैनन् । नेपाली भाषा विषयलाई कमजोर विषयको हरूमा आँकलन गर्नु, अझ प्राश्निककर्ता विषयविज्ञ नहुनु, तालिम प्राप्त तथा दक्ष शिक्षकको अभाभ हुनु, परीक्षण ज्ञानको कमी हुनु विशिष्टीकरण तालिकाको प्रयोग नै नगर्नु तथा गरे पनि पूर्ण हरूमा नगर्नु आदि थुप्रै कुराले भाषिक परीक्षणलाई गुणस्तरहीन तुल्याएको छ । अतः कक्षा आठको जिल्ला स्तरीय परीक्षा २०७३ मा उपयोग गरिएका प्रश्नहरूको अध्ययन समस्यामूलक देखिन आएको छ । प्रश्नले परीक्षार्थीको सहि मूल्याङ्कन गर्नु पर्दछ तर प्रश्नले उनीहरूको योग्यता र गुणस्तर मापन गर्न सकेन भने त्यो प्रश्नले सार्थक मूल्याङ्कन गर्न सक्नेछैन ।

विद्यार्थीको शारीरिक, मानसिक, बौद्धिक र संवेगात्मक पक्षको समेत भाषिक सीपको मापन गर्नु आवश्यक हुनेछ । पाठ्यक्रमले नेपाली भाषा विषय पूर्णाङ्क १०० तोकेको छ ।सो परिधिमा रहेर नेपाली भाषा विषयको मूल्याङ्कन गर्नुपर्नेछ ।

भाषिक सीपगत आधारमा प्रश्नहरूको वितरण भएको पाइदैन । अर्थात भाषाका सुनाइ र बोलाइ सीपलाई प्रश्नले वास्ता गरेको पाइनेछ । विधाका आधारमा पनि उचित विधागत वितरण नभएको अवस्था हुनेछ । विशिष्टीकरण तालिकाको प्रयोग समेत नभएको अवस्था छ । प्रश्नमा हुनुपर्ने गुणहरू विश्वासनीयता, वैधता जस्ता गुणहरूको अभाव हुनेछ । त्यसैगरी प्रश्नमा स्पष्ट निर्देशन,अङ्क विभाजन, समय निर्धारण नभएकोले गर्दा पनि नेपाली भाषाका प्रश्नहरू समस्याका हरूमा रहेका छन् । यस सन्दर्भमा प्रस्तुत अध्ययनमा निम्नअनुसारका शोध समस्याहरूलाई अगाडि सारिएको छ :

क) वि.सं. २०७३ सालमा कक्षा ८ को जिल्लास्तरिय परीक्षामा प्रयोग गरिएका प्रतिनिधि प्रश्नपत्र आन्तरिक र बाह्य आधारमा वैध छन् ?

ख) ती प्रश्नहरू भाषिक सीपका आधारमा उपयुक्त छन् ?

ग) प्रश्नपत्रमा प्रयोग भएका भाषिक शुद्धता के कस्तो छ ?

घ) विभिन्न जिल्लामा निर्माण गरिएका प्रश्नपत्रहरूमा के कस्ता समानता र भिन्नताहरू छन् ?

ङ) प्रश्नपत्रहरू निर्माण गर्दा के-कस्ता कमीकमजोरी भएका छन् तिनको न्युनीकरण कसरी गर्न सकिन्छ ?

## १.३ अध्ययनको उद्देश्यहरू

प्रस्तुत शोधकार्यमा निम्नलिखित उद्देश्यहरू पूरा गर्ने लक्ष्य राखिएको छ :

(क) २०७३ सालमा  उपयोग गरिएका जिल्ला स्तरीय परीक्षाका प्रतिनिधि प्रश्नहरू पठ्यक्रम र विशिष्टीकरण तालिका अनुहरू भए नभएको पत्ता लगाउने ।

(ख) उक्त प्रश्नहरूको विश्वासनियता, वैधता र उपयोगिता पत्ता लगाउने ।

(ग) जिल्ला स्तरीय परीक्षामा उपयोग गरिएका प्रश्नहरूमा पाइने समानता र असमानता पत्ता लगाउने ।

(घ) उक्त प्रश्नपत्र अध्ययनबाट प्राप्त कमीकम्जोरीहरू औल्याएर सुधारका निम्ति आवश्यक सुझाव प्रस्तुत गर्नु ।

## १.४ अध्ययनको महत्त्व

प्रश्नपत्र विश्लेषण सम्बन्धी विभिन्न अध्ययनहरू यस अघि पनि भएको पाइन्छ । यस अध्ययनसँग सम्बन्धित पूर्वकार्यको अध्ययनबाट कक्षा ८ को जिल्ला स्तरीय परीक्षामा उपयोग गरिएका प्रश्नहरूको आन्तरिक र बाह्य आधारमा तथा विशिष्टीकरण तालिकाका आधारमा हालसम्म कुनै अध्ययन नभएको स्पष्ट हुँदा यस अध्ययनको महत्त्व रहेको छ ।

आधारभूत तहको पाठ्यक्रम अनुसार कक्षा ८ को नेपाली भाषा विषयका प्रश्नहरूको अध्ययन गरी के-कति उपयुक्त र स्तरयुक्त छन्, के-कति कमीकमजोरी छन् र त्यसको सुधारका लागि प्रश्न निर्माण गर्ने विद्यमान अवस्थाप्रति सुझाव प्रस्तुत गर्न यो अध्ययन सान्दर्भिक हुने ठानिएको छ । यस अध्ययनबाट विद्यार्थी, शिक्षक, अभिभावक, परीक्षक र प्रश्नपत्र निर्माणकर्तालाई उचित सल्लाह सुझाव प्राप्त हुने भएकाले यस अध्ययनको औचित्य रहेको छ ।

यस अध्ययनबाट शिक्षकलाई अनुसन्धानात्मक विषयका साथै प्रश्न निर्माणमा फाइदा पुग्ने छ भने विद्यार्थीहरूलाई प्रश्नपत्रको रूपरेखाका बारेमा पूर्व जानकारी हुनेछ । त्यस्तै अभिभावकका लागि पनि आफ्ना बालबालिकाहरूको ज्ञान जाँच्नका लागि यसले फाइदा पुऱ्याउनेछ । प्रश्न निर्माणकर्तालाई पनि प्रश्न निर्माण कार्यमा सचेत रहन यसले सहयोग गर्ने छ भने अनुसन्धानकर्तालाई भविष्यमा यस क्षेत्रका विभिन्न विषयको अनुसन्धान कार्य गर्नमा फाइदा पुग्ने देखिन्छ ।

## १.५अध्ययनको परिसीमा

यस अध्ययनका निम्ति निम्न परिसीमाहरू रहेका छन :

(क) झापा, मोरङ र सुनसरीमा कक्षा ८ को जिल्ला स्तरीय परीक्षा (२०७३) मा उपयोग गरिएका प्रश्नपत्रहरूको मात्र अध्ययन गरिएको छ ।

(ख) प्रस्तुत अध्ययन प्रश्नहरूको विश्वसनीयता, वैधता र उपयोगितामा मात्र अध्ययन गरिएको छ।

(ग) यस अध्ययन प्रश्नपत्रहरूको आन्तरिक र बाह्य वैधताका आधारमा मात्र अध्ययन र विश्लेषण गरिएको छ ।

यी बाहेकका कुराहरू प्रस्तुत शोधका सीमाका रूपमा रहेका छन् ।

# परिच्छेदः दुई

# सम्बन्धित साहित्यको पुनरवलोकन र अवधारणण्तमक ढाँचा

## २.१ सैद्धान्तिक साहित्यको पुनरवलोकन

विद्यार्थीको सिकाइ उपलब्धि मूल्याङ्कनको एउटा भरपर्दो साधन प्रश्नपत्र हो । विद्यार्थीका लेखन सीप, बोध सीप सम्बन्धी क्षमताको मापनका लागि मूल्याङ्कनमा प्रश्नपत्रको उपयोग गरिन्छ । मानव समाजको स्थापना, विकास र विस्तारसँगै प्रत्यक्ष वा परोक्ष रूपमा कुनै पनि वस्तु, घटना, चिज, प्रक्रिया आदिको लेखाजोखा, छानविन, जाँचबुझ, ठिकबेठिक छुट्याउने जस्ता क्रियाकलाप भएको पाइन्छ । मानवले जीवनका लक्ष्य र उद्देश्यहरूको परिपूर्ति गर्ने क्रममा गर्ने गल्ती, कमजोरी, सफलता, असफलता पत्ता लगाई सुधार गर्ने निरन्तर प्रयास गर्दछ । यस्ता क्रियाकलापलाई मूल्याङ्कन भनिन्छ । मानव सभ्यताको जटिलताको क्रमसँगै मूल्याङ्कनका प्रक्रियाहरूमा पनि विकास र विस्तार हुँदै गएको पाइन्छ (ज.ब.रा. र अन्य, २०६७ : ८) । हाल मूल्याङ्कनमा विभिन्न नवीन प्रयोगहरू हुँदै आएका छन् ।

कुनै पनि कार्यक्रमको अन्त्यपछि उक्त कार्यक्रमको मूल्याङ्कन गरिने र त्यसबाट कार्यक्रमको लेखाजोखा हुने गर्दछ । शिक्षा क्षेत्रमा पनि निर्धारित उद्देश्य प्राप्तिका लागि शिक्षण सिकाइकार्यक्रम सञ्चालन हुन्छन् । शिक्षण सिकाइबाट विद्यार्थीमा अपेक्षित परिवर्तन आयो-आएन, उपलब्धि हासिल भयो-भएन जस्ता कुराको लेखाजोखा गर्ने प्रक्रिया मूल्याङ्कन हो ।यसलाई शिक्षण सिकाइको चक्रिय प्रक्रियाभित्रको एक अभिन्न अङ्गको रूपमा लिइन्छ ( पराजुली र अन्य, २०६७ : ५) । मूल्याङ्कनले शिक्षणको उद्देश्य पूरा हुन नसक्नुका कारणहरू खोजी सुधारात्मक शिक्षण योजना बनाउन सहयोग गर्छ ।

“मूल्याङ्कन एउटा आधुनिक वैज्ञानिक धारणा हो, जुन मापन भन्दा बढी व्यापक हुन्छ । यसमा गुणात्मक एवम् सङ्ख्यात्मक मापनका साथै पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण प्रक्रिया, शिक्षण सामग्री आदिको समेत लेखाजोखा पर्दछन्,” (ज.ब.रा.र अन्य, २०६७ : ११) । शिक्षासँग सम्बन्धित सम्पूर्ण शैक्षिक प्रक्रिया र गतिविधिको लेखाजोखा गर्ने आधार मूल्याङ्कन भएकाले शिक्षण सिकाइ प्रक्रियाबाट अपेक्षित उपलब्धि हासिल भयो-भएन भनी विद्यार्थीको सिकाइ उपलब्धिको मापनका लागि पनि मूल्याङ्कन आवश्यक हुन्छ ।

विद्यार्थीका सिकाइ उपलब्धि परीक्षणमा मूल्याङ्कनको भरपर्दो साधनका रूपमा प्रश्नपत्रको उपयोग गरिन्छ । विद्यार्थीका लेखन सीप, बोध सीप र पढाइ सीपसम्बन्धी क्षमताको मापनका लागि मूल्याङ्कनको एउटा साधनका रूपमा प्रश्नपत्रको उपयोग गरिन्छ ।

विद्यार्थी उत्तीर्ण अनुत्तीर्ण तथा कक्षोन्नतिसम्बन्धी निर्णय गर्नका लागि परीक्षामा पश्नपत्रको उपयोग गर्ने परम्परा रहेको छ । वर्तमान मूल्याङ्कन प्रणालीमा प्रयोगात्मक परीक्षाका लागि थोरै पूर्णाङ्क निर्धारण गरे तापनि लिखित परीक्षाका लागि भने धेरै पूर्णाङ्क राखिएको पाइन्छ । प्रयोगात्मक तथा शिक्षक निर्मित परीक्षा विद्यालयको मापदण्ड र अनुकूलतामा जुनसुकै समयमा जुनै तरिकाले सञ्चालन गर्ने प्रावधान रहे तापनि सामान्यताः स्रोतकेन्द्र स्तरीय लिखित परीक्षा निश्चित समयमा निश्चित मापदण्ड अनुसार, निश्चित अङ्कभार कायम गरी सञ्चालन गर्ने गरिन्छ । यसर्थ स्रोतकेन्द्र स्तरीय परीक्षाहरूमा उपयोग गरिने प्रश्नपत्रमा स्तरीयता, मानकता र एकरूपता जस्ता गुण हुनु आवश्यक हुन्छ ।

## २.२ सम्बन्धित साहित्यको पुनरवलोकन

प्रश्न विश्लेषणसँग सम्बन्धित भएर विभिन्न अनुसन्धानहरू सम्पन्न भएका छन् । यहाँ यस अध्ययनसँग सम्बन्धित पूर्व साहित्यहरूको सङ्क्षिप्त विश्लेषण निम्नानुसार प्रस्तुत गरिएको छ :

ढकाल (२०५८) द्वारा **२०५७ सालमा उपयोग गरिएका कक्षा दशको नेपाली भाषाका योग्यता जाँच परीक्षाका प्रश्नहरूको विश्लेषण** शीर्षकमा शोधकार्य पूरा गरिएको छ । पुस्कालयीय विधिको प्रयोग गरीएको यस शाधकार्यमा २०५७ सालका प्रश्नपत्रहरूको सङ्कलन गरी तुलनात्मक अध्ययन विश्लेषणबाट प्राप्त त्रुटि तथा कमजोरीका आधारमा सुझाव पेस गर्नुलाई मुख्य उद्देश्यको रूपमा लिइएको छ । पाठ्यक्रमअनुरूप प्रश्नहरू निर्माण नगरिएको, भाषिक पक्षहरूको संयोजन र सन्तुलन नभएको, प्रश्नमा विश्वसनीयता र वैधता नदेखिएको, भाषा सरल, स्पष्ट र शुद्ध नभएको निष्कर्ष यस अध्ययनबाट निकालिएको छ । प्रस्तुत शोधकार्य कक्षा १० को २०५७ सालको प्रश्नपत्रको अध्ययनमा सीमित रहेको छ ।

आचार्यद्वारा **२०५८ सालमा उपयोग गरिएका कक्षा आठका नेपाली भाषाका प्रश्नहरूको विश्लेषण**शीर्षकमा तुलनात्मक विधिको प्रयोग गरी शोधकार्य पूरा गरिएको छ

।२०५८ सालको नेपाली भाषाका प्रश्नहरूको निर्माणमा विभिन्नता नहुनुका कारणहरू पहिल्याउनु , सङ्कलन गरिएका प्रश्नपत्रहरूको तुलनात्मक अध्ययन गरी विश्लेषण गर्नु, प्राप्त त्रुटि तथा कमजोरीका आधारमा सुझाव पेश गर्नु जस्ता उद्देश्य राखी शोधकार्य गरिएको छ । प्रश्नपत्रहरूको विश्लेषण बाह्य र आन्तरिक दुई आधारमा गरिएको छ । बाह्य आधारमाप्रश्नहरूको विश्लेषण गर्दा निर्देशन, अङ्क विभाजन र समय निर्धारण, प्रस्तुती , अनुक्रम भाषा , स्वहरू छपाइ र सफाइलाई प्राथमिकता दिइएको छ । आन्तरिक आधारमा पाठ्यक्रम अनुहरूता भाषिक पक्षको समायोजन र सन्तुलन प्रश्नमा हुनुपर्ने गुण, भाषा तथा प्रश्नका विधिहरूको चर्चा गरिएको, निष्कर्ष निकालिएको छ ।

इटानीद्वारा **एस.एल.सी. टेस्ट परीक्षा २०५८ मा उपयोग गरिएका नेपाली भाषा विषयक प्रश्नहरूको अध्ययन**शीर्षकमा शोधकार्य तयार पारिएको छ । एस.एल.सी. टेस्ट परीक्षा २०५८मा उपयोग गरिएका **“नेपाली भाषा”** विषयक प्रश्नपत्रमा पाइएका तहगत स्तर पहिचान गर्नु र प्रश्नपत्रमा भएका कमिकमजोरीहरू औंल्याएर सुधारका निम्ति आवश्यक सुझावहरू प्रस्तुत गर्नु भन्ने उद्देश्य राखी यो शोधकार्य तयार गरिएको छ । शिरो भागमा प्रयुक्त अक्षरको आकारमा एक हरूता नपाइएको वस्तुगत प्रश्नको प्रयोग नगरी केवल विषयगत प्रश्नहरूको मात्र प्रयोग गरेको, प्रश्नपत्रको आकार-प्रकारमा विविधता रहेको भन्ने निष्कर्ष निकालिएको छ ।

पौडेल (२०६०) ले **उच्च माध्यमिक तह अनिवार्य नेपाली विषयका २०५२-२०५९ सम्मका प्रश्नपत्रहरूको विश्लेषणत्मक अध्ययन**शीर्षकमा शोधकार्यपूरा गर्नुभएको छ । उच्च माध्यमिक तहका नेपाली भाषाका प्रश्नपत्रहरूसैदान्तिक आधारमा अध्ययन गर्नु प्रश्नपत्रहरूमा रहेका कमजोरीहरू पहिल्याउनु, प्रश्नपत्रको सुधारका निम्ति सुझवहरू दिनु भन्ने उद्देश्यमा शोधकार्य पूरा भएको छ । प्रश्नपत्रहरूको विश्लेषण आन्तरिक र बाह्य आधारमा गरिएको छ । यसरी विश्लेषण गर्दा केही प्रश्नपत्र पाठ्यक्रमको प्रकृति अनुसार नदेखिएका र भाषाका पत्र्याप्त त्रुटि रहेको निष्कर्ष निकालिएको छ ।

बस्नेत (२०६२) द्वारा **२०६१ सालमा उपयोग गरिएका कक्षा आठका नेपाली भाषाका प्रश्नहरू विश्लेषण**शीर्षकमा पुस्तककालयीय विधिको प्रयोग गरी शोधकार्य पूरा गरिएको छ । २०६१ सालको नेपाली भाषका प्रश्नहरूको निर्माणमा भाषिक प्रश्न निर्माणका आधारहरूको सैदान्तिक आँकलन गर्ने प्रश्नपत्रको बाह्य वेधताका आधारमा अध्ययन विश्लेषण गर्ने

प्रश्नपत्रको वैधताका आधारमा अध्ययन विश्लेषण गर्ने र अध्ययनबाट प्राप्त कमीकमजोरी औल्याई सुधारात्मक सुझव दिने उद्देश्य राखी यो शोधकार्य गरिएको छ। भाषिक सीप विकास प्रकृतिका भन्दा विषयपस्तुलाई जोड दिने खालका प्रश्न देखिएकाले समग्रमा प्रश्नहरू कमजेर भएको निष्कर्ष निकालिएको छ।

दाहाल (२०६९) द्वारा **२०६७ सालमा उपयोग गरिएका कक्षा आठमा नेपाली भाषाका प्रश्नहरूको विश्लेषण**शीर्षकमा तुलनात्मक विधि र पुस्तकालयीय विधिको प्रयोग गरीशोधकार्य पूरा गरिएको छ। २०६७ सालको नेपाली भाषाका आान्तरिक तथा बाह्य वैधता , पल्याउने , प्रश्नपत्रहरूमा पाइने समानता र असमानता पत्ता लगाउनु , शोधकार्यबाट प्राप्त कमजोरीहरू औल्याएर सुधारका निम्ति आवश्यक सुझाव प्रस्तुत गर्नु जस्ता उद्देश्य राखी यो शोधकार्य गरिएको छ। भाषिक सीप विकास गर्न प्रकृतिका भन्दा विषयवस्तुलाई जोड दिने खालका प्रश्न देखिएकाले समग्रमा प्रश्नपत्रहरू कमजोर भएको निष्कर्ष निकालिएको छ। प्रश्नपत्रहरू पाठ्यक्रम सापेक्ष हुन नसकेको , प्रश्नहरूले विधागत अपेक्षालाई आत्मसाथ गर्न नसकेको प्रश्नपत्रहरू हुबहु पाठ्यपुस्तक केन्द्रित मात्र भएको , विशिष्टीकरण तालिकाको आधारमा प्रश्नपत्रहरू नबनाइएको , प्रश्नपत्रहरूमा वैधता कम भएको जस्ता निष्कर्ष निकालिएको छ।

हेमाङ्गराज अधिकारीका अनुसार वस्तुगत : पठनपाठनमा पाठ्यक्रमका उद्देश्य अनुहरू विषयवस्तुको परीक्षण सम्पन्न गर्ने प्रश्नहरूको व्याप्ति र विभिन्न परीक्षणीय पक्षहरू समेत हुन सक्ने विशेषता तथा गुणात्मकताको ठूलो महत्व रहन्छ। यसरी वार्षिक परीक्षा जस्ता औपचारिक मूल्याङ्कन परिपाटीबाट शिक्षक तथा शिक्षार्थीहरूलाई आफ्नो शिक्षण वा सिकाइमा वैयक्तिक हरूमा सिधे पृष्ठपोषण प्राप्त नभएपनि भविश्यको सिकाइ शिक्षणलाई निर्दिष्ट गर्न केही सुझ प्राप्त हुन सक्छ। उक्त कुरा वार्षिक वा अर्धवार्षिक परीक्षामा सोधिने प्रश्नहरूको प्रकृतिमा भर पर्छ। प्रश्नहरू जे जति विशिष्ट वा विशेषित हुन्छन्। सोहीअनुहरू तिनले पठनपाठनलाई निर्देशित गर्ने सम्भावना रहन्छ। त्यसैगरी मूल्याङ्कनका केही महत्वपूण पक्ष परीक्षणीय वस्तुको पहिचान , पृथ्कीकृत र एकीकृत परीक्षण , पहिचानात्मक र उत्पादनात्मक परीक्षणका साथै निबन्धात्मक प्रकृतिका प्रश्नहरूको उल्लेख गरी स्पष्ट पार्ने प्रयास गरेको पाइन्छ।

विश्वमणि अधिकारीद्वारा लिखित **"शैक्षिक मापन तथा मूल्याङ्कन"**शीर्षक पुस्तककाअनुसार विद्यालयमा सञ्चालन गरिने परीक्षण कार्यक्रमको छनौटका आधारहरू आंशिक हरूमा विद्यालयको स्वहरू  विद्यालयको कक्षास्तर आदिमा भर पर्दछ । प्रश्नपत्र निर्माण गर्दा विभिन्न आधारहरू जस्तै समष्टिगत स्वहरू , विद्यार्थीहरू समेट्नु , नियमित समय अन्तरालमा सञ्चालन परीक्षणहरूतुलना गर्न योग्य परीक्षणहरू उद्देश्य र पाठ्यक्रम अनुहरू , शुद्वतापूर्वक  अङ्कन , परीक्षणको छनौटमा उपयुक्तता नतिजालाई सुहाउँदो आधार अपनाएर व्याख्या , आवश्यकता अनुसार विशेष परीक्षण कार्यक्रमको ब्यवस्था आदि पूरा गर्नुपर्ने आशय व्यक्त भएको छ ।

तीर्थराज परजिुली र अन्यद्वारा लिखित **"शैक्षिक मापन तथा मूल्याङ्कन"**शीर्षक पुस्तकका अनुसार विद्यार्थीका शैक्षिक उपलब्धि लेखाजोखा गर्ने कार्यमा प्रश्नहरूको निर्माण र प्रयोग गरीन्छ । प्रश्नहरू निर्माण गर्दा भौतिक मापन र मनोवैज्ञानिक मापन मध्ये मनोवैज्ञानिक मापन विधि अपनाई सिकाइ उपलब्धि परीक्ष्ण गरिन्छ । प्रश्नपत्रहरू निर्माण गर्दा उद्देश्य केन्द्रित हुनुपर्छ । प्रश्नहरूमा विश्वसनीयता र वैधता रहनुपर्छ । प्रश्नपत्र निर्माण कार्यमा विशिष्टीकरण तालिका उपयोग गरिनुपर्छ । प्रश्नपत्र तयारी कार्यमा प्रारम्भिक ढाँचाको तयारी पूर्ण परीक्षण विश्लेषण अन्तिम तयारी तथा परीक्षा सञ्चालन जस्ता विभिन्न चरणहरू पूरा गर्नै पर्ने धारण व्यक्त गरिएको छ । प्रश्नपत्रहरूको प्रयोग पश्चात प्राप्त नतिजाको व्याख्या विश्लेषण गरें आगामी दिनमा प्रश्नपत्र निर्माणका सहयोग पुग्ने विश्वास व्यक्त गरिएको छ ।

अग्रज शोधकर्ताहरूबाट कक्षा आठको जिल्ला स्तरीय परीक्षामा उपयोग गरिएका विभिन्न प्रश्नपत्रहरूको अध्ययन शीर्षकमा शोधकार्य भएपनि **"कक्षा आठको जिल्ला स्तरीय परीक्षा (२०७३) मा उपयोग गरिएकाप्रश्नपत्रहरूको अध्ययन"** शीर्षकमा कुनै शोधकार्य भएको पाइएन । साथै जिल्ला स्तरीय परीक्षा प्रत्येक वर्ष चलिरहने र प्रत्येक वर्ष ७५ वटा नयाँ प्रश्नहरू निर्माण गरिने भएको हँदा यस शीर्षकमा पूर्ण अध्ययन हुनसक्ने सम्भावना समेत नभएकोले यस शीर्षकमा शोधकार्य गर्न आवश्यक ठानिएको छ ।

## २.३ अध्ययनका लागि पुनरवलोकनको उपादेयता

प्रश्नपत्र मूल्याङ्कनको एक भरपर्दो साधन हो । प्रश्नपत्र अध्ययनसँग सम्बन्धित थुप्रै शोधकार्य भएको पाइन्छ । यस अध्ययनमा प्रश्नपत्र विश्लेषणसँग सम्बन्धित प्राप्त

सामग्रीहरूको यथासक्य पुनरवलोकन गरिएको छ । प्रश्नपत्रको विश्लेषण गरिएका धेरै जसो अध्ययनहरू कक्षा ८ को जिल्ला स्तरीय परीक्षा र एस.एल.सी. परीक्षाका प्रश्नपत्रहरूको अध्ययनमा केन्द्रित रहेका छन् । केही अध्ययनहरू उच्च मा.वि. तहको प्रश्नसँग सम्बन्धित रहेका छन् । झापा, मोरङ र सुनसरी जिल्लाका २०७३ सालमा उपयोग र प्रयोग गरिएका कक्षा ८ को जिल्ला स्तरिय परीक्षाको प्रश्नपत्रको अध्ययन नभएकोले गर्दा यो शोध कार्यमा प्रस्तुत विषयलाई शोध शीर्षकको रूपमा छनोट गरिएको हो ।


खास गरी कक्षा ८ र एस.एल.सी. परीक्षाका प्रश्नपत्रहरू आधिकारिक निकायले बनाउने तथा पाठ्यक्रम र विशिष्टीकरण तालिका अनुरूप १०० पूर्णाङ्कमा बनिने र अध्ययनमा सहजता समेत हुने हुँदा पूर्व अध्ययनहरू ती विषयसँग केन्द्रित भएका पाइन्छन् । यस अध्ययनमा पुनरवलोकन गरिएका अधिक सामग्रीहरूमा बाह्य र आन्तरिक आधारमा प्रश्नपत्रको अध्ययन विश्लेषण गरिएको पाइयो जसअनुसार पाठ्यक्रम, पाठ्यपुस्तक, विशिष्टीकरण तालिका आदिका आधारमा प्रश्नपत्रको विश्लेषण गर्नुका साथै प्रश्नपत्र निर्माणका सैद्धान्तिक मान्यता र व्यावहारिक प्रचलनको व्याख्या र विवेचना गरिएको पाइयो ।पूर्व अध्ययनमा पाइएका प्रचलित मान्यताहरूलाई यस अध्ययनमा यथोचित रूपमा अवलम्बन गरिएको छ ।

प्रस्तुत शोधकार्यमा सम्बन्धित पूर्व साहित्यको गहन अध्ययन गरी विषयवस्तुको पुनरावृत्ति नहोस भन्ने बारेमा विशेष सजकता अपनाइएको छ । पूर्व अध्ययन पद्धति तथा अध्ययनमा रहेका सबल पक्षको अनुसरण तथा कमजोर पक्षको परित्याग गरी अध्ययनलाई सकेसम्म वस्तुगत र सत्यतथ्य बनाउने प्रयत्न गरिने छ । यस क्रममा शोध विषयसँग प्रत्यक्ष सम्बन्ध राख्ने शिक्षक, विद्यार्थी तथा विभिन्न व्यक्ति, संस्था, जानिफकार, र विशेषज्ञहरूसँग आवश्यक छलफल र परामर्श लिई अध्ययनलाई सत्य, तथ्य र वस्तुनिष्ठ बनाउने प्रयत्न गरिएको हुँदा यस अध्ययनमा सम्बन्धित साहित्यको पुनरवलोकनको उपादेयता रहेको छ ।

## २.४ अवधारणात्मक ढाँचा

प्रश्नपत्रबाट मात्र विद्यार्थीको क्षमताको वास्तविक मूल्याङ्कन हुन सक्दछ । प्रश्नपत्र निर्माणका निश्चित मान्यता र सिद्धान्तहरू रहेका हुन्छन् । त्यस्ता सिद्धान्तको पालना गरेर निर्माण गरेका प्रश्नपत्रहरूले मात्र विद्यार्थीहरूको भाषिक सीपको मूल्याङ्कन गर्न सक्दछ ।

यहाँ प्रश्नपत्र निर्माणका प्रचलित सिद्धान्त, मान्यता र प्रचलनका आधारमा निर्धारित प्रश्नपत्रहरूको अध्ययन विश्लेषण गरिएको छ । प्रश्नपत्रको अध्ययन विश्लेषणका लागि निम्न अनुसारको अवधारणात्मक ढाँचा अवलम्बन गरिएको छ ।




प्रस्तुत अध्ययनमा क्षेत्र अध्ययन अन्तर्गत निर्धारित स्रोतकेन्द्रमा गई प्रश्न निर्माणको व्यवस्था र प्रक्रिया बुझी प्रश्नपत्रको सङ्कलन गरिएको छ । त्यस्तै पुस्तकालयीय विधिको प्रयोग गरी पूर्व सामग्री तथा प्रश्न निर्माणका स्थापित सिद्धान्तहरूको व्याख्या र विवेचना गरिएको छ । प्रश्नपत्र निर्माणका बाह्य र आन्तरिक आधारमा सङ्कलित प्रश्नपत्रहरूको वर्गीकरण र विश्लेषण गरी यथार्थ निष्कर्ष निकालिएको छ । अध्ययनका क्रममा पत्ता लागेका तथ्य र निष्कर्षका आधारमा सम्बन्धित क्षेत्रलाई सुझाव प्रस्तुत गरिएको छ ।

# परिच्छेदः तीन

# अध्ययनको ढाँचा र विधि

कुनै पनि शोधकार्यलाई सम्पन्न गर्नका लागि उक्त अध्ययन कार्यका क्रममा विभिन्न विधि प्रविधि, साधन, आदिको प्रयोग गर्नु पर्ने हुन्छ । यो अध्ययन कार्य गर्नका लागि विभिन्न प्रकारका विधिहरूको प्रयोग गरिएको छ । यसमा खास गरी अध्ययनको ढाँचा, अध्ययनको क्षेत्र, तथ्याङ्क सङ्कलनका साधन र तरिका तथ्याङ्क सङ्कलन प्रक्रिया र तथ्याङ्कको व्याख्या विश्लेषण जस्ता विषय उल्लेख गरिएको छ ।

## ३.१ अध्ययनको ढाँचा र विधि

यस अध्ययनमा सामाग्री संकलन पछि तुलनात्मक विधि र पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । यस अध्ययन सामाग्री पछि त्यसको अध्ययन, विश्लेषण गरिएको छ ।

## ३.२ जनसङ्ख्या नमुना र नमुना छनोट प्रकृया

प्रस्तुत शोधकार्यका लागि झापा, मोरङ र सुनसरी जिल्लालाई अध्ययनको क्षेत्रकाहरूमा लिइएको छ । अध्ययन क्षेत्रसँग सम्बन्धित यी जिल्लाहरूले २०७३ सालमा निर्माण र उपयोग गरेका कक्षा ८ को अनिवार्य नेपाली विषयका सम्पूर्ण प्रश्न पत्रलाई अध्ययनको लागि लिइएको हुँदा शतप्रतिशत नमुना छनोट रणनीति प्रस्तुत शोधकार्यमा अवलम्बन गरिएको छ ।

प्रस्तुत शोधकार्यमा निर्धारित क्षेत्रमा गई प्रश्नहरू सङ्कलन गरिएको छ ।

## ३.३ अध्ययनको क्षेत्र

यस अध्ययन क्षेत्रझापा, मोरङ र सुनसरी जिल्ला रहेका छन् ।

## ३.४ तथ्याङ्क सङ्कलनका साधन र तरिका

शोधकार्यलाई सम्पन्न गर्नका लागि निम्न पुस्तकालयीय पद्धतिद्वारा कक्षा आठको नेपाली पाठ्यपुस्तक, पाठ्यक्रम, विशिष्टीकरण तालिका अन्य प्रश्न निर्माणसँग सम्बन्धित मुद्रित, सामग्रीहरू तथ्याङ्क सङ्कलनको साधनका हरूमा प्रयोग गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया

प्रस्तुत शोधकार्यमा अध्ययनको क्षेत्रका विद्यालयहरूबाट प्रश्नपत्रहरूको सङ्कलन गरिएको छ र नेपाली विषयका शिक्षकहरू, शोधकार्य पूरा गरेका अग्रजहरूको सल्लाह सुझाव, अन्य पाठ्यपुस्तकहरूको अध्ययन र सम्बन्धित साहित्यको पुनरवलोकन गरिएको छ र थप सामग्री सङ्कलन गरिएको छ। शोधकार्य पुस्तकालयीय अध्ययन विधिबाट तयार गरिएको छ।

## ३.३ तथ्याङ्क व्यख्या र विश्लेषण

तथ्याङ्क संकलन पछि यस अध्ययनलाई व्याख्यात्मक, वर्णनात्मक र विश्लेषणत्मक प्रक्रियाद्वारा अध्ययन गरिएको छ।

# परिच्छेद : चार

# नतिजाको व्याख्या एवम् विश्लेषण

## ४.१परिचय

प्रश्नपत्रको विश्लेषण गर्दा यसको रूप विधानगत (बाह्‍य) तथा पाठ्यक्रमले निर्दिष्ट गरेको अन्य आन्तरिक आधारमा विश्लेषण गर्नुपर्ने हुन्छ । यस आधारमा यहाँ बाह्‍य र आन्तरिक रूपमा प्रश्नपत्रको विश्लेषण गरिएको छ ।

## ४.२ बाह्य आधारमा विश्लेषण

प्रश्नपत्रलाई बाह्य आधारमा विश्लेषण गर्नु भनेको यसको रूपविधानलाई अध्ययन गर्नु हो । यसले प्रश्नपत्रको आकृतिगत पक्षलाई निर्धारण गर्दछ । प्रश्नपत्रमा आकृतिगत वैधताको अध्ययनका लागि प्रश्नपत्रको स्वरूप, निर्देशन, अङ्क विभाजन र समय निर्धारण, प्रस्तुति अनुक्रम र भाषालाई लिइएको छ । यसरी यस अध्ययनमा प्रश्नपत्रमा भएको आकृतिगत वैधतालाई केलाउने काम गरिएको छ ।

### ४.२.१ प्रश्नपत्रको स्वरूप

स्वरूप भनेको अनुहार हो अथवा आकार प्रकार हो । स्वरूप अन्तर्गत शीर्ष भाग, आकार, प्रश्न सङ्ख्या, पृष्ठ, कागज, छपाइ र सफाइ सम्बन्धी विषयहरू पर्दछन् । प्रयोग गरिने प्रश्नपत्रहरू स्वरूपका दृष्टिले पनि उपयुक्त हुनु पर्दछ । यसका आधारमा प्रश्नपत्रहरूको अध्ययन गर्ने प्रयास गरिएको छ ।

#### ४.२.१.१शीर्ष भाग

प्रश्नपत्रको शीर्ष भागमा सम्बन्धित संस्थाको नाम स्पष्ट, शुद्ध र ठूला अक्षरमा लेख्नु राम्रो मानिन्छ । यसै आधारमा प्रतिनिधि प्रश्नपत्रहरूको शीर्ष भागको अवस्था निम्नानुसार पाइन्छ ।

क) झापा : आधारभूत शिक्षा उत्तीर्ण परीक्षा २०७३

ख) मोरङ : आधारभूत शिक्षा उत्तीर्ण परीक्षा २०७३

ग) सुनसरी : आधारभूत तह उत्तीर्ण परीक्षा २०७३

यसरी झापा र मोरङको प्रश्नको शीर्ष भागमा समानता देखिए पनि झापा र मोरङको शिक्षा भएको ठाउँमा सुनसरीको प्रश्नमा तह देखिन्छ ।

### ४.२.१.२ उपशीर्ष भाग

उपशीर्ष भागअन्तर्गत प्रश्नका लागि लिखित निर्देशन र प्रश्न नं. सहित प्रश्न सुरु नभएसम्मको अवस्थालाई यस खण्डमा राखेर अध्ययन गरिएको छ । यस अन्तर्गत निम्न भाग पर्दछ ।

क) विषय

ख) कक्षा

ग) समय

घ) पूर्णाङ्क

ङ) उत्तीर्णाङ्क

यसरी अध्ययनमा उपयोग गरिएका प्रश्नपत्रहरूको उपशीर्ष भागको प्रस्तुतीकरणलाई तल तालिकामा देखाइएको छ ।

तालिका नं. १

उपशीर्षक भागका एकाइ

| जिल्ला | उपशीर्षक भागमा एकाइ | | | | |
|---|---|---|---|---|---|
| | विषय | कक्षा | समय | पूर्णाङ्क | उत्तीर्णाङ्क |
| झापा | नेपाली | ८ | २ घण्टा १५ मिनेट | ७५ | ३० |
| मोरङ | नेपाली | छैन | २ घण्टा १५ मिनेट | ७५ | ३० |
| सुनसरी | नेपाली | ८ | २ घण्टा १५ मिनेट | ७५ | ३० |

स्रोत : झापा, मेरङ र सुनसरी जिल्लाका सक्कल प्रश्नपत्र

यसरी माथिको तालिकालाई हेर्दा उपशीर्षक भागका एकाइ अन्तर्गत झापा, मेरङ र सुनसरी जिल्लाको प्रश्नपत्रमा समय (२ घण्टा १५ मिनेट), पूर्णाङ्क (७५) र उत्तीर्णाङ्क (३०) समान

स्तरको पाइयो । झापा र मोरङ मा कक्षा उल्लेख गरेको पाइयो भने सुनसरीमा कक्षा उल्लेख नगरेको पाइयो ।

### ४.२.१.३ आकार

प्रश्नपत्र लामो, मध्यम र छोटो खालको बनाउने कुरा नै आकार हो । प्रश्नपत्र यस्तै आकारको हुनुपर्छ भन्ने सैद्धान्तिक मान्यता नभए पनि भद्दा किसिमले सजिएको हुनु उपयुक्त हुँदैन । प्रश्नको प्रकृति, परीक्षण, उद्देश्य, समय र प्रश्न सङ्ख्याको आकारले प्रश्नपत्रमा ठूलो भूमिका निर्वाह गरेको हुन्छ । यस दृष्टिले हेर्दा प्रतिनिधि प्रश्नपत्रहरू उपयुक्त नै मानिन्छन् ।

### ४.२.१.४ प्रश्न सङ्ख्या

प्रश्नपत्रमा प्रश्न सङ्ख्याले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । हुन त प्रश्न सङ्ख्या दृष्टांशीय तत्त्व भए तापनि यसलाई केन्द्रीय पाठ्यक्रम र विशिष्टीकरण तालिकाले पनि प्रभाव पारेकोहुन्छ । यस दृष्टिले हेर्दा झापा, मेरङ र सुनसरी जिल्लाका प्रश्न सङ्ख्या १७ वटाका दरले समान रहेका छन् । यस अधारमा हेर्दा प्रश्न सङ्ख्या समान हुनुलाई एकरूपता रहेको र प्रश्न निर्माण विशिष्टीकरण तालिका अनुसार भएको र केही हदसम्म प्रश्नमा वैधता कायम रहेको मान्न सकिन्छ । यसरी प्रश्न सङ्ख्यालाई हेर्दा ती प्रश्नपत्रहरू कक्षा आठका स्तर अनुकूल नै रहेका छन् ।

### ४.२.१.५ प्रश्न र पृष्ठ

बनोट तथा स्वरूपका दृष्टिले एउटै प्रश्नलाई दुई ओटा पृष्ठमा राखिनु राम्रो हुदैन तर उपप्रश्नहरू कहिलेकाहीँ राख्नु पर्ने अवस्था पनि हुन्छ । यसले विद्यार्थीहरू झुक्किने सम्भावना रहन्छ र प्रश्न पत्रको स्वरूप पनि विग्रन्छ एउटा प्रश्नको निर्देशन अर्को पृष्ठमा भयो भने परीक्षार्थी अलमल पर्ने अथवा निर्देशन र प्रश्नहरूको तालमेल बुझ्नलाई बारम्बार पाना पल्टाइरहनु पर्ने हुन्छ । अर्को पृष्ठमा पनि प्रश्न छ भन्ने जानकारी दिन पृष्ठ निर्देशन वा सङ्केत दिनु पर्दछ । यसो गर्नाले परीक्षार्थी र परीक्षक झुक्किने सम्भावनाबाट मुक्त रहन्छन् । पृष्ठ निर्देशन वा सङ्केत गर्ने क्रममा क्रमशः कृ.पा.उ., अर्कोपट्टि , १, २, ३, ... इत्यादि लेख्ने प्रचलन रहेको छ । सङ्केत प्रश्न नभएका प्रतिनिधि प्रश्नपत्रहरूको अवस्था निम्नानुसारको देखिन्छ :

- झापा, मोरङ र सुनसरी तीन ओटै जिल्लाका प्रश्नहरूमा पाना नं , क्रमशः , कृ.पा.उ. अर्कोपट्टि जस्ता केही पनि सङ्केतहरू उल्लेख गरिएको छैन ।
- तीनओटै जिल्लाका प्रश्नहरूको अन्त्यमा प्रश्न समाप्त भएको जानकारी दिन समाप्त लेखिएको छ ।

### ४.२.१.६ कागज

प्रश्नपत्रको स्वरूपलाई कागजको स्तरले पनि प्रभावित गर्छ । सादा र रङ्गीन जुनसुकै उपयुक्त हुने भए पनि रङ्गीन कागज प्रयोग गर्दा अक्षरलाई बढी आकर्षित र सुन्दर बनाउन मद्दत गर्ने रङ्को प्रयोग गर्नु पर्दछ । यस आधारमा हेर्दा तीनवटै जिल्लाका प्रश्नपत्रहरू सेतो कागजमा छपाइएको र मध्यम स्तरको कागजको प्रयोग गरिएको छ । मोरङ जिल्लाको प्रश्नपत्र अलिक बाक्लो कागजमा छापिएको छ भने सुनसरीको अलिक पातलो कागज छ साथै झापा जिल्लाको झन पातलको कागजमा प्रश्नपत्र छापिएको छ । यसरी तीन ओटै जिल्लाको प्रश्नपत्रमध्ये मोरङ जिल्लाको उपयुक्त देखिन्छ ।

### ४.२.१.७ छपाइ र सफाइ

प्रश्नहरूको सङ्कलन गरी परीक्षा सञ्चालन पूर्व प्रश्नपत्रको छपाइका क्रममा अक्षरको उपयुक्त  आकार, अनुच्छेद तथा वाक्यबिचको फरक प्रश्न नं. इत्यादिको सेटिङ पढ्न सहज र छिटो हुने गरी गर्नु पर्दछ । समूह, उपसमूह इत्यादि भए त्यसमा सहजै देखिने गरी राखिनु पर्दछ । त्यसै गरी प्रश्नपत्रमा उपयुक्त किनारा ( कम्तीमा चारैतिर २ से. मि.)  छोडिएको हुनु पर्ने भए तापनि अध्ययनमा उपयोग गरिएका प्रश्नपत्रहरू यस कार्यमा भने सचेत पाइएन । त्यसै गरी पृष्ठ सङ्ख्या एवम् पृष्ठ निर्देशन कृ.प.उ., क्रमश आदि जस्ता शब्दहरू उल्लेख गर्न अध्ययनमा समावेश प्रश्नपत्रहरू चुकेका छन् । यसै गरी प्रश्नपत्रको कागजको गुणस्तरमा ध्यान दिन सके अझ प्रभावकारी हुने थियो ।

### ४.२.२ निर्देशन

परीक्षाका लागि प्रश्नपत्र तयार गरी एकत्रित वा सङ्गठित गर्ने कार्यका लागि परीक्षाको स्पष्ट निर्देशनहरू तयार गर्नु आवश्यक छ । परीक्षाको निर्देशन तयार गर्दा परीक्षाको उद्देश्य, उत्तरका लागि समय, उत्तरका  आधार र उत्तर दिने तरिका प्रश्नपत्रमा उल्लिखित हुनुपर्छ । निर्देशन अस्पष्ट र अशुद्ध, महत्त्वकाङ्क्षी, दोहोरो अर्थ लाग्ने खालको

जटिल भयो भने प्रश्न एवम् परीक्षणीय उद्देश्यहरू नै निरर्थक हुन्छन् । त्यसैले निर्देशन सरल, स्पष्ट, शुद्ध र वस्तुगत हुनु जरुरी हुन्छ । यसका साथै प्रश्न सङ्केत, निर्देशक चिह्न, पृष्ठ निर्देशन, अङ्क निर्देशन, विकल्प निर्देशन आदिले प्रश्नलाई स्पष्ट, आकर्षक र उद्देश्यमूलक बनाउन भूमिका खेल्ने भएकाले यस्ता पक्षमा ध्यान पुऱ्याउनु अपरिहार्य हुन्छ । त्यसैले प्रश्नपत्रमा निर्देशनको ज्यादै ठूलो र महत्वपूर्ण भूमिका रहेको हुन्छ । यस आधारमा प्रतिनिधि प्रश्नपत्रहरूको अध्ययनमा निम्नानुसारको स्थिति देखिन्छ :

### ४.२.२.१ शीर्ष निर्देशन

प्रश्नपत्रको शीर्ष भागमा रहने समग्र प्रश्नहरूको मूल निर्देशन नै शीर्ष निर्देशन हो । समय सीमा र प्रश्नको प्रकृति अनुसार निर्देशन सरल र वस्तुनिष्ठ तरिकाले प्रस्तुत गरिनु पर्छ । उक्त दृष्टिकोणले हेर्दा झापा जिल्लाले शीर्ष निर्देशनमा “दिइएको निर्देशनका आधारमा परीक्षार्थीले आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुपर्नेछ” भनेको छ । त्यसैगरी मोरङ जिल्लाको प्रश्नपत्रमा “तलका सबै प्रश्नको उत्तर दिनुहोस्” भनी शीर्ष निर्देशन दिइएको छ भने सुनसरी जिल्लाको प्रश्नपत्रमा त्यस्तो कुनै शीर्ष निर्देशन दिइएको छैन ।

### ४.२.२.२ प्रश्न निर्देशन

प्रत्येक प्रश्नका निर्देशनले प्रश्नको आशय, उद्देश्य, प्रक्रिया तथा सीमाहरू निर्धारण गरेको हुन्छ । प्रश्नपत्रलाई वैध, स्पष्ट, उद्देश्यपूर्ण, सरल एवम् प्रभावकारी तुल्याउन प्रश्न निर्देशन सहायक तत्त्व हो । एउटा प्रश्नभित्र उपप्रश्नहरू रहने स्थितिमा त निर्देशन अझ आवश्यक हुन्छ । निर्देशन विनाको प्रश्न अस्पष्ट, अन्योलपूर्ण, अपूर्ण र अवैधसमेत हुन्छ । यसैगरी कति प्रश्नहरूको उत्तर लामो वा छोटो लेख्ने त्यसैगरी उपप्रश्नहरू भए तीमध्ये कति ओटा उत्तर दिने भन्ने कुरा पनि प्रश्न निर्देशनले स्पष्ट पार्नु पर्दछ । यस आधारमा हेर्दा सङ्कलन गरिएका प्रतिनिधि प्रश्नहरूको स्थिति सन्तोषजनक नै छ । सबै जिल्लाले प्रयोग गरेर प्रश्नमा स्पष्ट निर्देशन दिइएको छ ।

### ४.२.२.३ विकल्प निर्देशन

भषाका प्रश्न निर्माण गर्दा विकल्प छनोट गर्ने गरी व्यवस्था मिलाउनु आफैमा राम्रो मानिदैन तर विद्यार्थीलाई सरल होस् भन्ने हेतुले विकल्प सहित प्रश्नहरू बनाउने प्रचलन

छदैँ छ । विकल्प निर्देशनलाई स्पष्ट पार्न वा अथवा भनी रोज्ने स्थिति सिर्जना हुँदा पहिलो प्रश्नको अन्त्यपछि दोस्रो पङ्क्ति स्पष्ट देखिने गरी लेखेर मात्र विकल्प प्रश्न लेख्ने व्यवस्था मिलाउनु पर्छ । अर्को थरीका विकल्प अङ्क वा अक्षरमा दिने प्रचलन पनि देखिएकाले यस्तो अवस्थामा एकरूपता हुनुपर्ने देखिन्छ । उक्त आधारमा हेर्दा प्रतिनिधि प्रश्नपत्रहरूमा निम्नानुसारको व्यवस्था पाइन्छ ।

क) झापा : विकल्प प्रश्नको प्रयोग नगरिएको ।

ख) मोरङ : विकल्प प्रश्नको प्रयोग नगरिएको ।

ग) सुनसरी : विकल्प प्रश्नको प्रयोग नगरिएको ।

यसरी हेर्दा झापा, मोरङ र सुनसरी तीन ओटै जिल्लामा विकल्प प्रश्नको प्रयोग गरिएको छैन ।

### ४.२.२.४पृष्ठ निर्देशन

पृष्ठ भनेको पाना हो । भाषाका प्रश्नपत्रहरू केही लामा नै हुने भएकाले एउटै पृष्ठमा अटाउन नसक्लान । यस्तो अवस्थामा एकभन्दा बढी पृष्ठ गर्नु पर्ने हुन्छ । अर्को पृष्ठमा पनि छ भनी जानकारी दिनु पृष्ठ निर्देशन हो । यसबाट परीक्षार्थी र परीक्षक दुवै झुक्किने सम्भावनाबाट मुक्त हुन्छन् । पृष्ठ निर्देशन गर्ने क्रममा क्रमश, कृ.प.उ. अर्को पट्टि, १,२,३ आदि जस्ता लेख्ने प्रचलन पाइन्छ । प्रश्नपत्रमा कुनै पाना छुट भएको अगाडि गर्नु पर्ने काम बाँकी भएको कुराले अग्रिम जानकारी लिनु महत्त्वपूर्ण मानिन्छ । यसैगरी प्रश्न समाप्त भएको सङ्केत पाउनका लागि समेत पृष्ठ निर्देशन अनिवार्य र महत्त्वपूर्ण मानिन्छ । उक्त आधारमा सङ्कलन गरिएका प्रश्नहरूको स्थिति निम्नानुसारको देखिन्छ ।

क) झापा जिल्लाको प्रश्नपत्रको पृष्ठहरूमा केही उल्लेख नगरिएको तर अन्त्यमा “समाप्त” उल्लेख गरिएको ।

ख) मेरङ जिल्लाको प्रश्नपत्रको पृष्ठमा केही उल्लेख नगरिएको अन्त्यमा “समाप्त”उल्लेख गरिएको छ ।

ग) सुनसरी जिल्लाको पश्नपत्रको पृष्ठमा पनि केही कुरा उल्लेख नगरिएको अन्त्यमा “समाप्त”नै उल्लेख गएिको छ ।

यसरी हेर्दा तीन ओटै जिल्लाहरूले पृष्ठ निर्देशनलाई बेवास्ता गरेको देखिन्छ । यसबाट परीक्षार्थी र परीक्षकलाई कुनै विषय छुट्यो कि भन्ने शङ्का हुने प्रश्न नम्बरको

क्रमिकतालाई हेर्न झन्झट हुन्छ । अन्त्यमा आएर तीन ओटै जिल्लाले अन्त्य भएको भनी निर्देशन दिएका छन् ।

### ४.२.२.५ समय निर्देशन

प्रश्नपत्रको शीर्ष भागमा नै कति समयमा प्रश्नपत्रको उत्तर दिइनुपर्ने हो । त्यसको स्पष्ट निर्देशन दिइनु पर्दछ । बेग्लाबेग्लै प्रकृति (विषयगत, बस्तुगत) का प्रश्नका लागि बेग्लाबेग्लै समय निर्देशन गर्नु आवश्यक छ । समय निर्देशनले निश्चित समय सीमाभित्र प्रश्नको उत्तर दिन परीक्षार्थीहरूलाई महत्त्वपूर्ण आधार प्रदान गर्दछ । यस बारे अगाडि तालिका नं.१ म उल्लेख गरिएको छ ।

### ४.२.२.६ अङ्क निर्देशन

उपयुक्त प्रश्नपत्रको शीर्ष भागमा पूर्णाङ्क तथा उत्तीर्णाङ्कको अङक निर्देशन गर्नु आवश्यक हुन्छ । यसरी यस अध्ययनमा उपयोग गरिएका प्रश्नपत्रहरूका पूर्णाङ्क, उत्तीर्णाङक तथा समयलाई तालिका नं.१ मा उल्लेख गरी सकिएको छ । सोही पूर्णाङकलाई आधार बनाई प्रश्नपत्रहरूमा प्रश्नहरू वितरण गरिनुका साथै प्रश्नहरूका अङ्क ( मूल्य ) निर्देशन गरिन्छ । यसले प्रश्नको उपयुक्तता तथा औचित्यतालाई मध्यनजर गरी हरेक प्रश्नको उत्तर दिए वापत कति अङ्क पाउने सङ्केत गर्छ । यसले प्रश्नको मूल्यअनुसार समय सीमामा बाँधिन परीक्षार्थीलाई सहयोग गर्दछ । परीक्षामा सफल हुन परीक्षार्थीले समयको व्यवस्थापन गरी योजनाबद्द ढङ्गले राम्रो अङ्क प्राप्त गर्न मद्दत गर्दछ । उक्त आधारमा प्रतिनिधि प्रश्नपत्रहरूको अङ्क निर्देशन निम्नानुसार गरिएको छ :

**तालिका नं.२**

**अङ्क निर्देशन**

| क्र. सं. | जिल्ला | प्र. सं. | जम्मा पूर्णाङ्क | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | झापा | १७ | ७५ | ३ | ३ | ४ | ४ | ३ | १ | ३ | ४ | ४ | ५ | ५ | ४ | ४ | ८ | ४ | ८ | ८ |
| २ | मोरङ | १७ | ७५ | ३ | ३ | ४ | ४ | ३ | १ | ३ | ४ | ४ | ५ | ५ | ४ | ४ | ८ | ४ | ८ | ८ |
| ३ | सुनसरी | १७ | ७५ | ३ | ३ | ४ | ४ | ३ | १ | ३ | ४ | ४ | ५ | ५ | ४ | ४ | ८ | ४ | ८ | ८ |

स्रोत : झापा, मेरङ र सुनसरी जिल्लाका सक्कल प्रश्नपत्र

यसरी माथिको तालिकालाई अध्ययन गर्दा झापा, मेरङ र सुनसरी जिल्लाले जम्मा १७ ओटा प्रश्न सङ्ख्या समान छन् । पूर्णाङ्क भने झापा मोरङ सुनसरी ७५ छ भने मोरङको ७६ देखिन्छ । मोरङको प्रश्नको उपशीर्ष भागमा पूर्णाङ्क ७५ उल्लेख गरेतापनि प्रश्नमा

दिएको अङ्क जोड्दा ७६ हुने देखिन्छ । यस हिसावले अङ्क निर्देशनमा मोरङको गम्भीर त्रुटि गरेको देखिन्छ । झापा र सुनसरी जिल्लाका प्रश्नको क्र.सं. अनुसार प्राप्ताङ्कमा समानता पाउन सकिन्छ । मोरङ जिल्लाको प्रश् नं. १५ बाहेक अरु प्रश्नमा समानता छ । सोही प्रश्नमा प्राप्ताङ्क अन्य जिल्लाको प्रश्नमा भन्दा १ अङ्क बढी भएकाले त्रुटि हुन गएको देखिन्छ हरेक प्रश्नको उत्तर दिएबापत कति अङ्क पाउने भन्ने कुराको सङ्केत पूर्णाङ्क अनुसार नै विभाजन भएको छ ।

### ४.२.३ अङ्क विभाजन र समय निर्धारण

कुनै पनि प्रश्नपत्रमा अङ्क विभाजन र समय निर्धारण आवश्यक हुन्छ । अङ्क र समयको सन्तुलन नमिलेका प्रश्नहरूले प्रश्नपत्रको बाह्य वैधतामा आँच पुऱ्याउँछन् । यस्ता प्रश्नहरू आन्तरिक वैधताबाट पनि प्रतिकूल हुन्छन् । अङ्क र समयको असन्तुलनले उत्तर दिइएको सघनता र सङ्गठनमा परीक्षार्थीहरूलाई प्रत्यक्ष रूपमा प्रभावित पार्न सक्छ । यीनको सन्तुलन नभएमा विद्यार्थीहरूको मापनमा समेत बाधा पुग्दछ । प्रश्नपत्रको प्रकृति, कठिनाइ स्तर, उत्तरको आकार आदि कुरामा आधारमा अङ्क र समय निर्धारण गर्नु पर्ने हुन्छ । विवेचनात्मक विसिमका र सिर्जनात्मक खालका उत्तरको लागि बढी समय खर्चिनु पर्ने भएकाले त्यस्ता प्रश्नका लागि बढी अङ्क राख्नु पर्ने हुन्छ । यस अध्ययनमा उपयोग गरिएका प्रतिनिधि प्रश्नपत्रहरूमा उल्लिखित गरिएको समय निर्देशन गरिएको पूर्णाङ्कको अनुपातलाई तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३**

**अङ्क विभाजन र समय निर्धारण**

| जिल्ला | पूर्णाङ्क | समय | अनुपात |
|---|---|---|---|
| झापा | ७५ | २ घण्टा १५ मिनेट | १.८ मिनेट |
| मेरङ | ७५ | २ घण्टा १५ मिनेट | १.८ मिनेट |
| सुनसरी | ७५ | २ घण्टा १५ मिनेट | १.८ मिनेट |

स्रोत : झापा, मेरङ र सुनसरी जिल्लाका सक्कल प्रश्नपत्र

माथि तालिकामा झापा, मेरङ र सुनसरी ३ ओटै जिल्लाको ७५ पूर्णाङ्कको परीक्षामा २ घण्टा १५ मिनेट समय वितरण गरेकाले प्रति एक अङ्कभार भएको प्रश्नका लागि परीक्षार्थीले उत्तर दिनका लागि १.८ मिनेट समय खर्चिनु पर्ने अवस्था छ । यसरी तीन

ओटै जिल्लाका पूर्णाङ्क, समय, उत्तर दिनुपर्ने अनुपात समय एकै किसिमको देखिन आएको छ ।

### ४.२.४ प्रस्तुति र अनुक्रम

प्रश्नपत्रमा विद्यार्थीहरूलाई परीक्षणका लागि तयार गरिएका प्रश्नहरूको रखाइको क्रमनै प्रस्तुति अनुक्रम हो । एउटा असल प्रश्नपत्रमा प्रश्नहरूको प्रस्तुति र अनुक्रमले ठूलो भूमिका खेलेको हुन्छ । प्रश्नहरू विभिन्न प्रकृतिका हुन्छन् । जस्तै, शब्दार्थ, शब्द पहिचान वाक्यमा प्रयोग, सारांश लेखन, शब्दवर्ग, काल, पक्ष र अर्थ (भाव) पदसङ्गति, वाच्यपरिवर्तन र वाक्य निर्माण, कारक र विभक्ति, बोध प्रश्न, संवाद लेखन, कथा लेखन, निबन्ध लेखन, सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरूको रखाइ सरलबाट जटिलतातिरका अनुक्रममा हुनु आवश्यक छ । प्रतिनिधि प्रश्नपत्रको वितरण निम्न अनुक्रममा गरिएको छ :

**तालिका नं. ४**

**प्रश्नहरूको प्रस्तुति अनुक्रम**

| जिल्ला झापा | | जिल्ला मोरङ | | जिल्ला सुनसरी | |
|---|---|---|---|---|---|
| प्र.नं. | प्रश्नका प्रकार | प्र.नं. | प्रश्नका प्रकार | प्र.नं. | प्रश्नका प्रकार |
| १ | शब्दार्थ | १ | शब्दार्थ | १ | शब्दार्थ |
| २ | शब्द पहिचान | २ | शब्द पहिचान | २ | शब्द पहिचान |
| ३ | वाक्य निर्माण | ३ | वाक्य निर्माण | ३ | वाक्य निर्माण |
| ४ | शुद्धीकरण | ४ | शुद्धीकरण | ४ | शुद्धीकरण |
| ५ | पदवर्ग छुट्ट्याउने | ५ | पदवर्ग छुट्ट्याउने | ५ | पदवर्ग छुट्ट्याउने |
| ६ | कारक छुट्ट्याउने | ६ | कारक छुट्ट्याउने | ६ | कारक छुट्ट्याउने |
| ७ | काल पक्ष र भाव | ७ | काल पक्ष र भाव | ७ | काल पक्ष र भाव |
| ८ | वाक्य परिवर्तन | ८ | वाक्य परिवर्तन | ८ | वाक्य परिवर्तन |
| ९ | वाक्य रचना -वर्णन | ९ | वाक्य रचना -वर्णन | ९ | वाक्य रचना -वर्णन |
| १० | बोध प्रश्नोत्तर बुँदा टिपोट | १० | बोध प्रश्नोत्तर बुँदा टिपोट | १० | बोध प्रश्नोत्तर बुँदा टिपोट |
| ११ | सारांश लेखन | ११ | सारांश लेखन | ११ | सारांश लेखन |
| १२ | कथा वा वादविवाद | १२ | जीवनी वा वादविवाद | १२ | कथा वा चिठी लेखन |

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | भाव विस्तार | १३ | भाव विस्तार | १३ | भाव विस्तार |
| १४ | सङ्क्षिप्त प्रश्न | १४ | सङ्क्षिप्त प्रश्न | १४ | सङ्क्षिप्त प्रश्न |
| १५ | समस्या समाधान | १५ | समस्या समाधान | १५ | समस्या समाधान |
| १६ | विवेचनात्मक उत्तर | १६ | विवेचनात्मक उत्तर | १६ | विवेचनात्मक उत्तर |
| १७ | निबन्ध लेखन | १७ | निबन्ध लेखन | १७ | निबन्ध लेखन |

स्रोत : झापा, मेरङ र सुनसरी जिल्लाका सक्कल प्रश्नपत्र

यसरी प्रतिनिधि प्रश्नहरूलाई अध्ययन गर्दा प्रस्तुति अनुक्रममा झापा र सुनसरी तिनै जिल्लाका प्रश्नहरूमा लगभग पूर्ण रूपमा समानता रहेको पाइन्छ। तीन ओटै जिल्लाले नेपाली विषयको विशिष्टीकरण तालिका अनुसार नै प्रश्नपत्र तयार गरेको पाइन्छ । तीन ओटै जिल्लाका प्रश्नपत्रमा प्रश्न रखाइक्रम पनि एकै ढङ्गले गरिएको छ।

### ४.२.५ भाषा

उपयुक्त प्रश्नपत्रमा भाषाको निकै महत्त्व रहेको हुन्छ । यदि प्रश्नपत्रमा एउटै मात्र अक्षर छुट्यो वा बढी भयो भने अर्थको अनर्थ हुन जान्छ । तसर्थ प्रश्नपत्रमा भाषाका वर्णविन्यासगत त्रुटि, पदयोग र पदवियोग तथा लोपगत त्रटिहरू हुन सक्छ । प्रतिनिधि प्रश्नपत्रको यस्ता केही त्रुटिहरू निम्नानुसार चर्चा गरिएको छ :

#### ४.२.५.१ वर्णविन्याससम्बन्धी त्रुटि

वर्णविन्याससम्बन्धी त्रुटिलाई वर्णवीन्यास/हिज्जे वर्तनीगत त्रुटिका रूपमा लिइन्छ। यस अन्तर्गत ह्स्व - दीर्घसम्बन्धी, शिरबिन्दु-चन्द्रबिन्दुसम्बन्धी त्रुटिलाई लिइएको छ। तिनलाई तलको तालिकामा देखाइएको छ :

## तालिका नं. ५

## वर्णविन्याससम्बन्धी त्रुटि

| जिल्ला | प्र.न. | ह्स्व-दीर्घसम्बन्धी त्रुटि | हुनुपर्ने | शिरबिन्दुसम्बन्धी त्रुटि | हुनुपर्ने |
|---|---|---|---|---|---|
| | २ | दुध | दूध | | |
| | ४ | दिईएको | दिइएको | | |
| | ७ | दिइएको | दिइएको | | |
| | १० | न्यूटन, रुखबाट | न्युटन, रूखबाट | - | - |
| | १० | रूपमा, उर्जा | रूपमा , ऊर्जा | - | - |
| | १२ | फेरी, मुर्ख | फेरि, मूर्ख | | |
| झापा | १४ | फूटबल | फुटबल | | |
| | १८ | तपाइँ | तपाईं | तपाइँ | तपाईं |
| | १७ | नघटाइ | नघटाई | | |
| मोरङ | १ | शब्दहरूको | शब्दहरूको | - | - |
| | ५ | शब्दहरूका | शब्दहरूका | - | - |
| | ७ | साथहिरू | साथीहरू | | |
| | ८ | इमान्दार | इमानदार | | |
| | ८.क | नआइज | नआइज | तपाई | तपाईं |
| | ८.घ | यि | यी | - | - |
| | १० | प्रश्नहरूको | प्रश्नहरूको | | |
| | १० | फूलहरूले , गाई | फूलहरूले, गाइ | आफै | आफैं |
| | १० | समुन्नती | संमुन्नति | | |
| | १२ | योदाहरू<br>कृतिहरू | योद्धाहरू<br>कृतिहरू | | |
| | १२ | दिदै | दिँदै | | |
| | १५ | तपाई | तपाईं | | |

| | | | | | |
|---|---|---|---|---|---|
| सुनसरी | १, ३ र ५ | शब्दहरूको | शब्दहरूको | | |
| | ७ | किसानहरू, बिउ, उनिहरूले पुरस्कारहरू | किसानहरू, बीउ, उनिहरूले पुरस्कारहरू | | |
| | ११ | रूप, सिप | रूप, सीप | | |
| | १३ | कर्मबीर | कर्मवीर | | |

यसरी माथिको तालिकालाई हेर्दा सबैभन्दा बढी वर्णविन्याससम्बन्धी त्रुटि झापा जिल्लाले गरेको पाइन्छ। झापाले "हरू" लाई पटक-पटक ह्स्व लेखेको छ भने मोरङले पनि "हरू" लाई ह्स्व नै लेखेको छ। सुनसरी जिल्लाले भने तुलनात्मक रूपमा कम त्रुटि गरेपनि "हरू" लाई ह्रस्व नै लेखेको छ। शिरबिन्दु -चन्द्रबिन्दुसम्बन्धी त्रुटि बढी मात्रामा मोरङले गरेको देखिन्छ। मोरङले झापाको भन्दा कम र सबैभन्दा कम सुनसरीले गरेका देखिन्छ।

### ४.२.५.२ पदयोग र पदवियोगसम्बन्धी त्रुटि

पदयोग र पदवियोगअर्न्तगत एउटै शब्दमा लेख्नुपर्नेलाई टुक्राउनु र टुक्रयाउनु पर्नेलाई जोडेर लेख्ता हुने त्रुटिहरू यसअन्तर्गत पर्दछन्। तिनीहरूलाई निम्नानुसारको तालिकाबाट स्पष्ट पारिएको छ :

**तालिका नं. ६**

**पदयोग र पदवियोगसम्बन्धी त्रुटि**

| जिल्ला | प्र.स. | पदयोग र पदवियोगसम्बन्धी त्रुटि | हुनुपर्ने |
|---|---|---|---|
| झापा | ८. | निर्देशन अनुसार | निर्देशनअनुसार |
| | १०. | गुरुत्वाकर्षण सम्बन्धी नियम अनुसार योगदान मध्ये | गुरुत्वकर्षणसम्बन्धी नियमअनुसार योगदानमध्ये |

| | | | |
|---|---|---|---|
| | ११. | स्वास्थ्य जस्ता | स्वास्थ्यजस्ता |
| | १२. | निर्भीकताकासाथ<br>रहेतापनि<br>कुटी नजिक<br>बनाइ दिनु (५पटक)<br>दुलो भत्रै | निर्भीकताका साथ<br>रहे तापनि<br>कुटिनजिक<br>बनाइदिनु<br>दुलोभित्रै |
| मोरङ | ३. | चिल्लोपात | चिल्लो पात |
| | १४. | कुन कुन | कुनकुन |
| | १६. | के कस्तो | केकस्तो |
| सुनसरी | १०. | क कस्को | क-कस्को |
| | १४. | मूलभाव | मूल भाव |

यसरी माथिको तालिकालाई नियाल्दा झापा र मोरङ जिल्लाहरूले बढी मात्रामा पदयोग र पदवियोगसम्बन्धी त्रुटि गरेको देखिन्छ भने तुलनात्मक रूपमा मोरङको कम त्रुटि पाइन्छ ।

### ४.२.५.३ वर्ण तथा अक्षर लोपसम्बन्धी त्रुटि

प्रश्न लेख्ने वा छाप्ने कार्य गर्दा कुनै अक्षर दोहोरिने र कुनै अक्षर लोप हुने अवस्था रहन्छ । यस्तो अवस्थालाई वर्ण तथा अक्षर लोपसम्बन्धी त्रुटि भनिन्छ । यस्ता छपाइसम्बन्धी त्रुटिहरूले शब्दहरूको अर्थमा अनर्थ हुने हुँदा अपेक्षित उभरमा ठूलो असर पुग्ने गर्छ । त्यसैले प्रश्न निर्माणदेखि छपाइसम्मको कार्यमा प्रश्ननिर्माता अर्थात् भाषा शिक्षक विशेष सचेत हुनु अत्यावश्यक हुन्छ । यसरी प्रतिनिधि प्रश्नपत्रहरूको अध्ययनमा निम्नलिखित त्रुटि भएको पाइन्छ । तिनीहरूलाई तलको तालिकामा देखाइएको छ :

### तालिका नं. ७

### वर्ण तथा अक्षर लोपसम्बन्धी त्रुटि

| जिल्ला | प्र.अ. | वर्ण तथा अक्षरसम्बन्धी त्रुटि | हुनुपर्ने |
|---|---|---|---|
| झापा | ४. | दिईका | दिइएका |
| | ५. | छुट्याउनुहोस् | छुट्ट्याउनुहोस् |
| | ११. | इमान्दार | इमानदार |
| मोरङ | २. | धरर्ण | धरणी |
| | ५, ६ | छुट्याउनुहोस् | छुट्ट्याउनुहोस् |
| | ७. | इमान्दार | इमानदार |
| | ८. | दि | दिई |
| | १०. | गाई | जाइ |
| | १२. | दिनुहोस | लेख्नुहोस् |
| सुनसरी | ११. | महत्व | महत्त्व |
| | १०. | महत्वपूर्ण (२ पटक) | महत्त्वपूर्ण (२ पटक) |

यसरी माथिको तालिकालाई हेर्दा वर्ण वा अक्षर लोपसम्बन्धी त्रुटि आफ्ना प्रश्नपत्रहरूमा सबै प्रतिनिधि जिल्लाले गरेका छन् । "छुट्ट्याउनुहोस्" भन्ने शब्द सबै जिल्लाको पटक-पटक त्रुटि गरेका छन् । झापा जिल्ला अरु जिल्लाको तुलनात्मक रूपमा बढी त्रुटि गरेको छ । अन्य विभिन्न त्रुटिहरू तीनओटै जिल्लाले गरेका छन् ।

यसरी माथि उल्लेख गरिएको भन्दा अलग रूपमा समेत भाषिक त्रुटि प्रतिनिधि सबै जिल्लाले गरेको पाइन्छ । सुनसरी जिल्लाले शीर्ष भागमा उत्तीर्णाङ्क हुनुपर्नेमा उर्त्तिर्णाङ्क उल्लेख गरी त्रुटि गरेको छ । सबै जिल्लाले प्रश्न सोधी सकेपछि निर्देशन चिन्ह ' : ' को प्रयोग गर्नु पर्नेमा पूर्णबिराम '। ' प्रयोग गरेको देखिन्छ । भाषा विषयमा साङ्केतिक चिन्हको

विशेष महत्त्व हुने हुन्छ । यसरी उचित स्थानमा उचित चिन्हको प्रयोग नहुदा आशय प्रष्ट नहुने त छदै छ ती भाषिक चिन्हको महत्त्व समेत कम भएर जान्छ । यसका साथै यसले विद्यार्थीको मनोविज्ञानमा समेत असर पुऱ्याउने हुन्छ । तीनओटै प्रतिनिधि जिल्लाले रु ह्रस्व र दीर्घ सम्बन्धी र व र ब सम्बन्धी अत्याधिक त्रुटि गरेको देखिन्छ । यस्ता त्रुटिले अर्थको अनर्थ समेत हुने भएकाले उल्लिखित त्रुटिरूलाई हेर्दा सम्बन्धित निकाय गम्भीर हुनुपर्ने देखिन्छ ।

## ४.३आन्तरिक आधारमा प्रश्नपत्रहरूको तुलनात्मक विश्लेषण

प्रश्नपत्रको निर्माण कार्यमा विभिन्न पक्षहरू पाठ्यक्रम, पाठ्यपुस्तक र विशिष्टीकरण तालिकाले महत्पूर्ण भूमिका खेलेका हुन्छन् । यिनै पक्षहरूका आधारमा प्रश्नपत्रहरू निर्माण हुने गर्दछन् । प्रश्नपत्रलाई किंवल रूपविधानको आधारमा मात्र अध्ययन गरेर यसको सही र तथ्यपूर्ण विश्लेषण हुन सक्दैन प्रश्नपत्रको प्रकृति हेरेर यसको मूल्याङ्कन गर्नु भनेको कुनै पुस्तकको बाह्य पृष्ठका आधारमा गहिराइसम्म नपुगी त्यसको वास्तविकताको निर्क्यौल गर्न खोज्नु हो । यसबाट एउटा कोरा अनुमान मात्र हुन्छ, तथ्य आउँदैन ।

प्रश्नपत्रको वास्तविक स्वरूप त्यसको आन्तरिक वैधताले निर्धारण गर्दछ । कतिपय अवस्थामा बाह्य स्वरूपले आन्तरिक स्वरूपलाई प्रभावित गर्छ तर बाह्य वैधतालाई प्रश्नपत्रको औपचारिक तत्त्वको रूपमा मान्न सकिन्छ । प्रश्नपत्रको आन्तरिक बनोटले परीक्षाको दिशा निर्धारण गर्दछ । सीमाङ्कन र मूल्याङ्कनको उद्देश्य हासिल गर्न गराउन मार्ग निर्देशन गर्दछ । अत : कुनै पनि प्रश्नको उद्देश्यपरकता, प्रक्रियागत प्रभावकारिता, स्तरयुक्तता तथा वैषयिक उपयुक्तताको लेखाजोखा प्रश्नपत्रको आन्तरिक बनोटको अध्ययनबाट निर्क्यौल गर्न सकिन्छ (पौडेल, २०५८ : ३३) ।

प्रश्नपत्र निर्माणका लागि आधार मानिने आन्तरिक आधारहरूबीच प्रश्नपत्रको उपयुक्तता पत्ता लगाउन सकिन्छ । यहाँ आन्तरिक आधारमा प्रश्नपत्र निर्माण विश्लेषणका लागि निम्नलिखित आधारहरू तय गरिएका छन् :

### ४.३.१ पाठ्यक्रमका आधारमा

प्रश्नपत्र विद्यार्थीको शैक्षिक उपलब्धि मापनको एक महत्वपूर्ण साधन हो । शिक्षण सिकाइ कार्यकलापछि विद्यार्थीहरूले पाठ्यक्रमले निर्धारण गरेका शैक्षिक उद्देश्यहरू के-कति हासिल गर्न सक्षम भए भनी प्रश्नपत्रका माध्यमबाट मापन गरिन्छ । प्रश्नपत्रले उद्देश्यको मूल्याङ्कन गर्न सक्नुपर्दछ । प्रस्तुत अध्याय पाँचमा प्रश्नपत्रहरूलाई कक्षा आठको नेपाली विषयको पाठ्यक्रमसँग तुलना गर्दै प्रश्नपत्रको उपयुक्ततालाई विश्लेषण गरिएको छ । पाठ्यक्रम शैक्षिक क्षेत्रको एक बृहन् अवधारणा हो । यसले समग्र शैक्षिक प्रणालीलाई मार्गनिर्देशित गरेको हुन्छ । यहाँ प्रश्नपत्रलाई निम्न आधारमा विश्लेषण गरिएको छ :

### ४.३.२ भाषिक सीपगत आधारमा प्रश्नपत्रको वितरण

भाषाशिक्षण भनेको भाषाबारेको शिक्षण नभई भाषिक सीपहरूको शिक्षण हो । यसरी प्रश्नपत्रमा मूल्याङ्कनका साधनहरू वितरण गर्दा परीक्षार्थीको भाषिक सीपको क्षमता तथा स्तर मापन गर्ने प्रकृतिका साधनहरू समावेश गर्न सकेमा मात्र नेपाली विषय शिक्षणको निर्दिष्ट उद्देश्य हासिल हुन्छ । प्रश्नपत्रमा भाषिक सीपहरूको उपयुक्त संयोजन गरेमा त्यो प्रश्नपत्र बढी वैध हुन्छन् । भाषिक सीपअर्न्तगत सुनाइ सीप, बोलाई सीप, पढाइ सीप, लेखाइ सीप, व्याकरणिक ज्ञान र शब्दभण्डारको प्रयोगसँग सम्बन्धित क्षमता परीक्षण गर्ने उद्देश्यअनुरूप परीक्षणको साधन निर्माण गरिनु पर्दछ ।

### ४.३.२.१ सुनाइ सीप

भाषिक सीप विकासको प्रथम चरण सुनाइ हो । सुनाइ विना बोलाइ, पढाइ र लेखाइ सीप विकास गर्न सकिदैन । भाषा शिक्षणको क्रममा विद्यार्थीको अधिकांश समय पनि सुनाइमा नै बित्दछ । सुनाइ सीप विकास भएको नभएको हेर्न प्रश्नोत्तर व्याख्या आदिबाट मूल्याङ्कन गरिन्छ । सुनाइ सीप क्रमिक रूपमा हासिल गर्ने प्रक्रियाको रूपमा देखा पर्छ । विद्यार्थीहरूको उमेरगत क्षमताअनुसार यस सीपको अभिवृद्धि गर्दै अघि बढ्नुपर्दछ ।

आधारभूत तहको नेपाली विषयको पाठ्यक्रम २०६९ मा सुनाइ सीपको परीक्षण कक्षागत परीक्षणको अङ्गका रूपमा हुने प्रावधान छ । अर्कोतर्फ भाषिक सीपहरू पृथकीकृत किसिमका नभएर एकीकृत किसिमका हुनाले सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीप एकीकृत

रूपमा नै अध्ययन गर्नुपर्ने हुन्छ । प्रतिनिधि जिल्लाका प्रश्नहरूले स्वयमले चाहिँ सुनाइ सीपलाई समेटेको देखिदैन ।

### ४.३.२.२ बोलाइ सीप

बोलाइ सुनाइपछि प्राप्त हुने दोस्रो महत्वपूर्ण सीप हो । सुनाइपछि विद्यार्थीहरूले सबैभन्दा बढी समय बोलाइमा खर्च गर्छन् । कक्षामा बोलाइ सीप राम्रो भएको विद्यार्थी भाषिक क्रियाकलापमा धेरै सहभागी बन्दछ । विद्यार्थी जतिजति भाषिक क्रियाकलापमा सहभागी हुन्छ त्यति नै उसको बोलाइ सीपको पनि विकास हुन्छ । आधारभूत तहको नेपाली विषयको पाठ्यक्रममा बोलाइ सीपको मूल्याङ्कन कक्षागत रूपमा नै गर्ने प्रावधान छ ।

### ४.३.२.३ पढाइ सीप

भाषिक सीप विकासका चार सीपहरू मध्ये पढाइ पनि महत्वपूर्ण सीप हो । लिखित सामग्रीको वचन गर्दा गति, यति, आरोह, अवरोध, आधात, हाउभाउ, चेष्टा आदिको विशेष र स्तरीय अभ्यासका लागि वाचन आवश्यक हुन्छ । बोलाइका लागि संवाद, वादविवाद, नाटक, कविता वाचन आवश्यक हुन्छ । बोलाइका लागि संवाद, वादविवाद, नाटक, कविता जस्ता विधाहरू बढी उपयोगी हुन्छन् । आधारभूत तहको पाठ्यक्रम २०६९ मा पढाइ सीप विकासका लागि कथा, प्रबन्ध, निबन्ध, रूपक, जीवनी विधाको उपयोग गर्न सकिने कुरा उल्लिखित छ । पढाइ सीप अर्न्तगत बोध क्षेत्र र सारांश लेखन क्षेत्रसँग सम्बन्धित हुने गरी गद्यविधाबाट १० अङ्कभार अर्थात् कुल पूर्णाङ्कको १० प्रतिशत वितरण गरी प्रश्नहरू समावेश गर्नुपर्ने प्रावधान पाठ्यक्रमले निर्धारण गरेको छ । पढाइ सीपका लागि प्रतिनिधि जिल्लाका प्रश्नपत्रमा गरिएको अङ्कभारको वितरण तलको तालिकामा देखाइएको छ :

**तालिका नं. ८**

**पढाइ सीपका लागि अङ्कभार वितरण**

| जिल्ला | बोध क्षेत्रको अङ्कभार | प्र.स. | सारांश क्षेत्रको अङ्कभार | पु.न. |
|---|---|---|---|---|
| झापा | ५ | १० | ५ | ११ |
| मोरङ | ५ | १० | ५ | ११ |
| सुनसरी | ५ | १० | ५ | ११ |

यसप्रकार सबै प्रतिनिधि जिल्लाले पाठ्यक्रमको निर्देशन पालना गरी पढाइ सीपका लागि बराबर अङ्कभार भएका बोध तथा सारांश लेख्नका लागि अङ्कभार छुट्ट्याएका छन् ।

### ४.३.२.४ लेखाइ सीप

भाषाका चारवटै सीपमध्ये लेखाइ सीप अन्य तीन सीप प्राप्त भएपछि प्राप्त हुने सीप हो । विचार बोलाइबाट पनि प्राप्त हुन्छ तर यो अल्पकालको हुने भएकाले यसको अपेक्षा चिरस्थायी हुने भएकाले लेखाइकै सर्वोपरि स्थान छ । मानिसको विचारलाई शब्दको रूपमा सञ्चय गरेर अनन्त कालसम्म सुरक्षित राख्ने माध्यम लेखाइ नै हो ।

आधारभूत तहमा लेखाइले भाषिक अनुभवलाई समेटेर व्यक्त गर्ने कार्य गर्दछ । विद्यार्थीको रचनात्मक अभिव्यक्तिको मूल्याङ्कन गर्न लेखाइ सीपका लागि आधारभूत तहको पाठ्यक्रम २०६९ ले १२ प्रतिशत अङ्कभार वितरण गरेको छ । त्यसैगरी यसका लागि कथा/जीवनी वा वादविवाद/संवाद/चिठी लेखन र निबन्ध लेखन विधाहरू कायम गरी सिफारिस गरिएको छ । कथा/जीवनी वा वादविवाद/संवाद/चिठी लेख्नका लागि ४ अङ्क र निबन्ध लेखनका लागि ८ अङ्क वितरण गर्नुपर्ने प्रावधान पाठ्यक्रमले निर्दिष्ट गरेको छ । लेखाइ सीपका लागि प्रतिनिधि जिल्लाका प्रश्नपत्रहरूमा गरिएको अङ्कभारको वितरण तलको तालिकामा देखाइएको छ :

**तालिका नं. ९**

**लेखाइ सीपको लागि अङ्कभार वितरण**

| जिल्ला | विधा र अङ्कभार | | | | |
|---|---|---|---|---|---|
| | कथा/जीवनी वा वादविवाद/संवाद/चिठी लेखन | प्र.न. | निबन्ध | प्र.न. | जम्मा अङ्कभार |
| झापा | ४ | १२ | ८ | १७ | १२ |
| मोरङ | ४ | १२ | ८ | १७ | १२ |
| सुनसरी | ४ | १२ | ८ | १७ | १२ |

माथिको तालिकालाई अध्ययन गर्दा तीनओटै प्रतिनिधि जिल्लाका प्रश्नपत्रहरूले पाठ्यक्रमको निर्देशन अनुसार नै लेखाइ सीप विकासको अवधारणालाई आत्मसात गरेका छन् । एकरूपता र पाठ्यक्रमको मर्यादा पालनाको हिसावले यसलाई अत्यन्त राम्रो मान्न सकिन्छ ।

### ४.३.२.५ पढाइ/लेखाइ सीप

आधारभूत तहको पाठ्यक्रम २०६९ ले पढाइ/लेखाइ सीप विकासका लागि कथा, जीवनी, कविता, प्रबन्ध/निबन्ध र रूपक विधाहरू उपयोग गर्न सकिने सिफारिस गरेको छ । त्यसैगरी सुनाइ र बोलाइ सीपको परीक्षण प्रयोगात्मक परीक्षणबाट गर्नुपर्ने व्यवस्था छ । पढाइ र लेखाइ सीपका लागि २४ अङ्क छुट्ट्याइएको छ । जसमा पाठगत प्रश्नोत्तर (सङ्क्षिप्त उत्तरात्मक) का लागि अङ्क १२, विवेचनात्मक प्रश्नका लागि अङ्क ८ र भाव विस्तार/व्याख्याका लागि अङ्क ४ छुट्ट्याइएको छ । यस सीपका लागि प्रतिनिधि प्रश्नपत्रमा गरिएको अङ्कभारको वितरण तलको तालिकामा देखाइएको छ :

**तालिका नं. १०**

**पढाइ/लेखाइ सीपका लागि अङ्कभार वितरण**

| जिल्ला | पाठगत प्रश्नोत्तर (सङ्क्षिप्त उत्तरात्मक) | विवेचना | भाव विस्तार/व्याख्या | जम्मा |
|---|---|---|---|---|
| झापा | १२ | ८ | ४ | २४ |
| मोरङ | १२ | ८ | ४ | २४ |
| सुनसरी | १२ | ८ | ४ | २४ |

यसरी माथिको तालिकालाई हेर्दा सबै प्रतिनिधि जिल्लाका प्रश्नपत्रहरूमा पाठ्यक्रमले निर्दिष्ट गरे अनुरूप नै पढाइ/लेखाइ सीपका लागि अङ्कभार वितरण गरिएको छ ।

### ४.३.२.६ भाषातत्त्व /व्याकरण

आधारभूत पाठ्यक्रम अनुसार व्याकरणलाई १९ अङ्कभार छुट्ट्याइएको छ । आधारभूत तहमा व्याकरण समावेश गर्नुको मुख्य अभिप्राय सैद्धान्तिक पक्षको ज्ञान गराउनु नभई विधाका पाठहरूको प्रकृतिअनुसार भाषातत्त्वको पहिचान र तिनको उपयुक्त प्रयोग गर्ने क्षमता विकासका लागि यसलाई पाठ्यक्रममा समावेश गरिएको हो । व्याकरण विधालाई मूल्याङ्कन कार्यमा प्रस्तुत गर्दा नियमहरूमा आधारित प्रश्नहरू निर्माण नगरी उदाहरण र प्रयोग सम्बद्ध प्रश्नहरू निर्माण गरिनु पर्दछ ।

प्रतिनिधि जिल्लाका प्रश्नपत्रहरूमा व्याकरण अर्न्तगत शब्दवर्ग, कारक र विभक्ति, काल, पक्ष र भाव, वाक्य परिवर्तन, वाक्य रचना र शुद्धीकरणसँग सम्बन्धित प्रश्नहरूलाई प्रश्नपत्रहरूमा पाठ्यक्रम अनुरूपकै आधारमा अङ्कभार निर्धारण गरेको पाइन्छ ।

### ४.३.२.७ शब्दभण्डार

शब्दभण्डार अर्न्तगत शब्दार्थ, पर्यायवाची शब्द, अनेकार्थी, विपरीतार्थी, परिभाषिक/प्राविधिक शब्द, वाक्य निर्माण, उखान टुक्का, श्रुतिसम भिन्नार्थक शब्द आदि पर्दछन् । आधारभूत तहको पाठ्यक्रम २०६९ अनुसार शब्दभण्डारलाई १० अङ्कभार छुट्ट्याइएको छ । प्रतिनिधि जिल्लाका प्रश्नपत्रहरूले वितरण गरेको शब्दभण्डारको वितरण स्थितिलाई तल तालिकामा देखाइएको छ :

**तालिका नं. ११**

**शब्दभण्डारका लागि अङ्भार वितरण**

| जिल्ला | जम्मा पूर्णाङ्क | अर्थ लेखन | शब्द पहिचान | वाक्यमा प्रयोग | जम्मा |
|---|---|---|---|---|---|
| झापा | ७५ | ३ | ३ | ४ | १० |
| मोरङ | ७५ | ३ | ३ | ४ | १० |
| सुनसरी | ७५ | ३ | ३ | ४ | १० |

माथिको तालिकालाई नियाल्दा तीन ओटै जिल्लाले पाठ्यक्रमको निर्देशन अनुसार नै शब्दभण्डारका लागि अङ्क वितरण गरेका छन् ।

### ४.३.३ विधाका आधारमा प्रश्नपत्रको वितरण

कक्षा आठको नेपाली विषयको पाठ्यक्रम २०६९ ले नेपाली विषयका लागि विधा तथा विषयवस्तुलाई निर्दिष्ट गरेको छ । यसमा ती विधा तथा क्षेत्रका अङ्क भार समेत वितरण गरेको छ । यसप्रकार अध्ययन कार्यमा प्रयोगमा ल्याइएका तीन जिल्लाका प्रश्नपत्रहरूमा समावेश भएका मूल्याङ्कनका साधनहरू सफल भए नभएको पत्ता लगाई तुलनात्मक विश्लेषण गर्नु यस एकाइको मूल अभिप्राय हो ।

#### ४.३.३.१ कथा विधा

यस कथा विधाअन्तर्गत लोककथा/नीतिकथा, पौराणिक/ऐतिहासिक कथा र सामाजिक कथाहरू समावेश छन् । यस विधाको प्रमुख उद्देश्य विद्यार्थीहरूमा कथानात्मक अभिव्यक्ति सीपको विकास गर्नु हो । कथानात्मक अभिव्यक्ति भन्नाले मौखिक तथा लिखित कथनलाई लिइन्छ । वस्तुत : कथा सिकाइका माध्यमबाट सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता चारै सीपको विकाश गर्नुपर्दछ । कथाविधाबाट पाठगत बोध, सारांश, घटनाक्रम मिलाउने, भाव विस्तार तथा रचनासँग सम्बन्धित प्रश्न निर्माण गरी विद्यार्थीको मूल्याङ्कन गरिनुपर्दछ । यसरी प्रतिनिधि जिल्लाका प्रश्नपत्रहरूमा समावेश कथा विधामा आधारित प्रश्नहरूको वितरण स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. १२.१**

**कथा विधाका लागि अङ्कभार वितरण**

जिल्ला झापा

| क.सं. | प्रश्नका प्रकार | प्र.न. | प्रश्न सङ्ख्या | पूर्णाङ्क | प्रवृति |
|---|---|---|---|---|---|
| १ | निर्देशित रचना | १२ 'क' | १ | ४ | ऐच्छिक |
| २ | तार्किक प्रश्न | १५ | १ | ४ | अनिवार्य |
| | जम्मा | | २ | ८ | |

## तालिका नं. १२.२

## कथा विधाका लागि अङ्कभार वितरण

जिल्ला मोरङ

| क.सं. | प्रश्नका प्रकार | प्र.न. | प्रश्न सङ्ख्या | पूर्णाङ्क | प्रवृति |
|---|---|---|---|---|---|
| १ | सङ्क्षिप्त उत्तरात्मक प्रश्न | १४ 'ख' | १ | २ | अनिवार्य |
| २ | तार्किक प्रश्न | १२ | १ | ५ | अनिवार्य |
| ३ | विवेचनात्मक उत्तर | १६ 'क' | | ४ | ऐच्छिक |
| | जम्मा | | ३ | ११ | |

## तालिका नं. १२.३

## कथा विधाका लागि अङ्कभार वितरण

जिल्ला सुनसरी

| क.सं. | प्रश्नका प्रकार | प्र.न. | प्रश्न सङ्ख्या | पूर्णाङ्क | प्रवृति |
|---|---|---|---|---|---|
| १ | निर्देशित रचना | १२ "क" | १ | ४ | ऐच्छिक |
| २ | सङ्क्षिप्त उत्तरात्मक प्रश्न | १४ 'ख' | १ | ४ | ऐच्छिक |
| | जम्मा | | २ | ८ | |

यसरी प्रतिनिधि प्रश्नपत्रहरूमा 'कथा' विधाबाट सोधिएका प्रश्नहरूको वितरणको स्थितिलाई हेर्दा सुनसरी जिल्लाको प्रश्नपत्रमा यस विधाबाटब सोधिएका प्रश्नहरू परीक्षार्थीका लागि ऐच्छिक बनाइएका छन् । यस्तो स्थितीमा परीक्षार्थीले यस 'कथा' विधाका प्रश्नहरूको उत्तर नगरे पनि हुन्छ । प्रश्नपत्रको यस्तो किसिमको वितरणले गर्दा परीक्षार्थीले 'कथा' विधालाई आफ्नो उत्तरपुस्तकामा नसमेटे कथा विधामार्फत पाठ्यक्रमले राखेको उद्देश्यको मापन गर्न सकिँदैन । यसै गरी झापा र मोरङ जिल्लाका प्रश्नपत्रमा कथाविधाबाट

तार्किक प्रश्नलाई अनिवार्य गरिएको छ । त्यसैगरी मोरङ जिल्लाको प्रश्नपत्रमा 'कथा विधाबाट सोधिएको विवेचनात्मक उत्तर दिने प्रश्नलाई ऐच्छिक र झापा प्रश्नपत्रमा सङ्क्षिप्त प्रश्नोत्तरमा सोधिएको 'कथा' विधाको प्रश्नलाई अनिवार्य बनाइएको छ ।  यसरी मोरङ जिल्लाको प्रश्नपत्रमा 'कथा' विधाबाट कुल १६ अङ्कका प्रश्न सोधिएका छन् । त्यस्तै मोरङबाट र सुनसरीबाट समान ८ अङ्कका प्रश्न 'कथा' विधाबाट समेटिएको छ ।

### ४.३.३.२ कविता विधा

कविता विधाअन्र्तगत छन्दोबद्ध कविता, लोक कविता, गीति कविता, गद्य कविता समावेश छन् । कविता सिकाइको मुख्य उद्देश्य लयबोध, भावबोध र उच्चारण सीप विकास गर्नु हो । अत : कविता सिकाइ गर्दा विशेषत : लययुक्त सस्वरवाचन, भाव पहिचान, पश्नोत्तर, भावार्थ र भाव विस्तार आदिका क्रियाकलाप गराउनुका साथै कविताको अनुकरणात्मक र सिर्जनात्मक लेखनतिर प्रवृत्त गराउनु पनि रहेको छ । त्यसैले यस विधालाई भाव पहिचान, प्रश्नोत्तर, सारांश, भावार्थ, भाव विस्तार प्रश्नहरू बनाई भाषिक मूल्याङ्कन प्रक्रिया गरिनुपर्दछ । कविता विधाका लागि प्रतिनिधि जिल्लाका प्रश्नपत्रहरूले वितरण गरेको अङ्कभारको स्थितिलाई तल तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. १३.१**

**कविता विधाका लागि अङ्कभार वितरण**

जिल्ला झापा

| क.सं. | प्रश्नका प्रकार | प्र.न. | प्रश्न सङ्ख्या | पूर्णाङ्क | प्रवृति |
|---|---|---|---|---|---|
| १ | भाव विस्तार | १३ "क" | १ | ४ | ऐच्छिक |
| २ | सङ्क्षिप्त उत्तरात्मक | १४ 'क' | १ | ४ | ऐच्छिक |
| | जम्मा | | २ | ८ | |

**तालिका नं. १३.२**

**कविता विधाका लागि अङ्कभार वितरण**

जिल्ला मोरङ

| क.सं. | प्रश्नका प्रकार | प्र.न. | प्रश्न सङ्ख्या | पूर्णाङ्क | प्रवृति |
|---|---|---|---|---|---|
| १ | भाव विस्तार | १३ “क” | १ | ४ | ऐच्छिक |
| २ | सङ्क्षिप्त प्रश्नोत्तर | १४ “क” | १ | ४ | ऐच्छिक |
| | जम्मा | | २ | ८ | |

**तालिका नं. १३.३**

**कविता विधाका लागि अङ्कभार वितरण**

जिल्ला सुनसरी

| क.सं. | प्रश्नका प्रकार | प्र.न. | प्रश्न सङ्ख्या | पूर्णाङ्क | प्रवृति |
|---|---|---|---|---|---|
| १ | भाव विस्तार | १३ “क” | १ | ४ | ऐच्छिक |
| २ | सङ्क्षिप्त प्रश्नोत्तर | १४ “क” | १ | ४ | ऐच्छिक |
| | जम्मा | | २ | ८ | |

माथिका तालिकालाई हेर्दा तीनऔटै जिल्लाका प्रश्नपत्रमा ‘कविता’ विधाबाट प्रश्नहरू राखिएका छन् तर ऐच्छिक प्रश्नका रूपमा मात्र । झापा जिल्लाको प्रश्नपत्रमा अङ्क ४ को भाव विस्तार गर्ने प्रश्न ऐच्छिक प्रश्नका रूपमा राखिएको छ । त्यस्तै मोरङ र सुनसरीको प्रश्नपत्रमा समान भाव विस्तार र सङ्क्षिप्त प्रश्नोत्तरका १/१ ओटा अङ्क ४/४ प्रश्नहरू समावेश भएका भए पनि ती प्रश्नहरू अनिवार्य छैनन् । यसरी समावेश भएका प्रश्नहरू हल गर्न परीक्षार्थीहरू बाध्य छैनन् । किनभने, ती प्रश्नहरूका विकल्पमा अन्य विधाका प्रश्नहरू पनि समावेश छन्, त्यसैले विद्यार्थीले ती प्रश्न हल गर्नुपर्ने स्थिति ऐच्छिक छ । यसरी एउटा पनि प्रश्न कविता विधाका अनिवार्य नभएकाले गर्दा कविता विधाले

राखेको उद्देश्य के कति मात्रामा सफल भयो भन्ने कुराको जानकारी पाउन ज्यादै कठिन हुने अवस्था देखिन्छ ।

### ४.३.३.३ प्रबन्ध/निबन्ध विधा

प्रबन्ध/निबन्ध विधाअन्तर्गत सामाजिक/साँस्कृतिक, प्राकृतिक तथा वातावरणीय, कलात्मक, वैज्ञानिक/प्राविधिक जस्ता प्रबन्ध/निबन्धहरू संयोजन भएका छन् । यस विधाको मुख्य उद्देश्य/प्रयोजन विद्यार्थीमा गद्यात्मक अभिव्यक्तिको बोध क्षमताका साथै गद्यात्मक लिखित अभिव्यक्ति क्षमताको विकास गर्नु हो । यस विधाका लागि श्रुतिलेखन, अनुलेखन, निबन्धलेखन, प्रश्नहरू बनाई भाषिक मूल्याङ्कन गर्नुपर्दछ । प्रबन्ध/निबन्ध विधाका लागि प्रतिनिधि जिल्लाका प्रश्नपत्रहरूको वितरण स्थितिलाई तलको तालिकामा राखिएको छ :

**तालिका नं. : १४.१**

**प्रबन्ध/निबन्ध विधाका लागि अङ्कभार वितरण**

जिल्ला झापा

| क.सं. | प्रश्नका प्रकार | प्र.न. | प्रश्न संख्या | पूर्णाङ्क | प्रकृति |
|---|---|---|---|---|---|
| १ | बोध प्रश्न | १० | १ | ५ | अनिवार्य |
| २ | सङ्क्षिप्त प्रश्नोभर | १४ “ख” | १ | ४ | ऐच्छिक |
| ३ | भाव विस्तार | १३ “ख” | १ | ४ | ऐच्छिक |
| ४ | बुँदा टिपोट र सारांश लेखन | ११ | १ | ५ | अनिवार्य |
| ५ | निबन्ध लेखन | १७ | १ | ८ | अनिवार्य |
| | जम्मा | | ५ | २६ | |

### तालिका नं. १४.२

### प्रबन्ध/निबन्ध विधाका लागि अङ्कभार वितरण

जिल्ला मोरङ

| क.सं. | प्रश्नका प्रकार | प्र.न. | प्रश्न संख्या | पूर्णाङ्क | प्रकृति |
|---|---|---|---|---|---|
| १ | बोध प्रश्नोत्तर | १० | १ | ५ | अनिवार्य |
| २ | बुँदा टिपोट र सारांश लेखन | ११ | १ | ५ | अनिवार्य |
| ३ | भाव विस्तार | १३ "ख" | १ | ४ | ऐच्छिक |
| ४ | सङ्क्षिप्त प्रश्नोत्तर | १४ 'ग' | १ | ४ | ऐच्छिक |
| ५ | निबन्ध लेखन | १७ | १ | ८ | अनिवार्य |
| | जम्मा | | ५ | २६ | |

### तालिका नं. १४.३

### प्रबन्ध/निबन्ध विधाका लागि अङ्कभार वितरण

जिल्ला सुनसरी

| क.सं. | प्रश्नका प्रकार | प्र.न. | प्रश्न संख्या | पूर्णाङ्क | प्रकृति |
|---|---|---|---|---|---|
| १ | बोध प्रश्न | १० | १ | ५ | अनिवार्य |
| २ | भाव विस्तार | १३ "ख" | १ | ४ | ऐच्छिक |
| ३ | सङ्क्षिप्त प्रश्नोत्तर | १४ "ग" | १ | ४ | अनिवार्य |
| ४ | निबन्ध लेखन | १७ | १ | ८ | अनिवार्य |
| | जम्मा | | ४ | २१ | |

माथिको तालिकालाई हेर्दा सबै प्रतिनिधि जिल्लाका प्रश्नपत्रहरूमा प्रबन्ध/निबन्ध विधालाई समेटिएको पाइन्छ । झापा जिल्लाले कुल २६ अङ्कका प्रश्नमा अङ्क १८ लाई

अनिवार्य र अङ्क ८ लाई ऐच्छिक प्रश्नका रूपमा राखेको छ । त्यस्तै मोरङ जिल्लाको कुल २६ अङ्कका प्रश्नमा अङ्क १८ लाई अनिवार्य र अङ्क ८ लाई ऐच्छिक प्रश्नका रूपमा राखेको छ । त्यसैगरी सुनसरी जिल्लाले कुल २५ अङ्कका प्रश्नमा अङ्क १३ लाई अनिवार्य र अङ्क १२ लाई ऐच्छिक प्रश्नका रूपमा राखेको छ । यसरी प्रतिनिधि प्रश्नपत्रमा यस विधाबाट वितरण गरिएका प्रश्नका प्रकति, प्रश्न सङ्ख्या र अङ्कभारमा झापा र मोरङमा २६ र सुनसरीमा २५ अङ्कभार छुट्ट्याइएको छ भने झापा जिल्लामा २१ अङ्क छुट्ट्याइएको ऐच्छिक र अनिवार्य कुनै प्रकृतिा प्रश्न राखिनु सकरात्मक हो । सबै प्रतिनिधि जिल्लाले प्रश्नपत्रमा निबन्ध लेखन प्रश्न अनिवार्य गरिनु सकारात्मक पाटो हो ।

### ४.३.३.४ रूपक विधा

रूपक विधा अर्न्तगत संवाद/एकाङ्की, वादविवाद विधाहरू समावेश छन् । रूपक विधाको मुख्य प्रयोजन कथ्य अभिव्यक्ति क्षमता बढाउनु हो । यसको सिकाइ मूल्याङ्कन गर्दा प्रश्नोत्तर, संवाद वा वादविवाद लेखन, संवादपूर्ति, संवाद लेखन, स्वतन्त्र लेखन जस्ता पक्षलाई ध्यान दिएर प्रश्नपत्र निर्माण गरिनुपर्दछ । यस विधाका लागि प्रतिनिधि प्रश्नपत्रहरूले वितरण गरेको अङ्कभारको स्थितिलाई तल तालिकामा प्रस्तुत गरिएको छ

**तालिका नं. १५.१**

**रूपक विधाका लागि अङ्कभार वितरण**

जिल्ला झापा

| क्र.सं. | प्रश्नका प्रकार | प्र.न. | प्रश्न संख्या | पूर्णाङ्क | प्रकृति |
|---|---|---|---|---|---|
| १ | वादविवाद | १२ "ख" | १ | ४ | ऐच्छिक |
| २ | सङ्क्षिप्त प्रश्नोभर | १४ "ख" | १ | ४ | ऐच्छिक |
| | जम्मा | | २ | ८ | |

**तालिका नं. १५.२**

**रूपक विधाका लागि अङ्कभार वितरण**

जिल्ला सुनसरी

| क.सं. | प्रश्नका प्रकार | प्र.न. | प्रश्न संख्या | पूर्णाङ्क | प्रकृति |
|---|---|---|---|---|---|
| १ | सङ्क्षिप्त प्रश्नोभर | १४ "ग" | १ | ४ | ऐच्छिक |
| | जम्मा | | १ | ४ | |

रूपक विधामार्फत परीक्षार्थीको सिर्जनात्मक क्षमताको मूल्याङ्कन गरिन्छ । अध्ययनका लागि छनोट गरिएका प्रश्नहरूमध्ये मोरङ जिल्लाले रूपक विधालाई कुनै स्थान नै दिइएको छैन । झापा जिल्लाले ८ र सुनसरी जिल्लाले अङ्क ४ का समान प्रश्न राखे पनि ती अनिवार्य छैनन् । भएका प्रश्न पनि विधागत अपेक्षा भन्दा पर गई पढाइ सीपको मापन गर्ने खालका प्रश्नहरू छन् । झापा जिल्लाले वादविवाद लेखनका प्रश्न राख्नुलाई सकारात्मक रूपमा लिनुपर्ने हुन्छ भने मोरङ जिल्लाले एउटा पनि प्रश्न रूपक विधाबाट नराख्नुले विधागत उपेक्षा भएको देखिन्छ ।

### ४.३.३.५ जीवनी विधा

जीवनी विधाअन्तर्गत राष्ट्रिय र अन्तर्राष्ट्रिय साहित्यकार/कलाकार, आविष्कारक, प्रेरक व्यक्तित्व/विचारकका जीवनीहरू समावेश छन् । जीवनी विधाको मुख्य उद्देश्य पनि प्रबन्ध/निबन्ध वा कथामा उल्लेख भएझैँ भाषाका मौखिक तथा लिखित अभिव्यक्ति सीपको विकास गर्नु हो । जीवनी विधाका लागि प्रतिनिधि प्रश्नपत्रहरूले वितरण गरेको अङ्कभारको स्थितिलाई तल तालिकामा प्रस्तुत गरिएको छ :

## तालिका नं. १६.१

## जीवनी विधाका लागि अङ्कभार वितरण

जिल्ला झापा

| क.सं. | प्रश्नका प्रकार | प्र.न. | प्रश्न संख्या | पूर्णाङ्क | प्रकृति |
|---|---|---|---|---|---|
| १ | बोध | १० | १ | ५ | अनिवार्य |
| २ | बुँदा टिपोट र सारंश लेखन | ११ | १ | ५ | अनिवार्य |
| ३ | विवेचनात्मक प्रश्नोत्तर | १६ "क" | १ | ८ | ऐच्छिक |
| | जम्मा | | ३ | १८ | |

## तालिका नं. १६.२

## जीवनी विधाका लागि अङ्कभार वितरण

जिल्ला मोरङ

| क.सं. | प्रश्नका प्रकार | प्र.न. | प्रश्न संख्या | पूर्णाङ्क | प्रकृति |
|---|---|---|---|---|---|
| १ | सङ्क्षिप्त प्रश्नोभर | १२ | १ | ४ | ऐच्छिक |
| | जम्मा | | १ | ४ | |

## तालिका नं. १६.३

## जीवनी विधाका लागि अङ्कभार वितरण

जिल्ला सुनसरी

| क.सं. | प्रश्नका प्रकार | प्र.न. | प्रश्न संख्या | पूर्णाङ्क | प्रकृति |
|---|---|---|---|---|---|
| १ | सङ्क्षिप्त प्रश्नोत्तर | १४ क | १ | ४ | ऐच्छिक |
| | जम्मा | | १ | ४ | |

जीवनी विधाबाट सोधिएका प्रश्नहरूलाई अध्ययन तथा विश्लेषण गर्दा झापा जिल्लाका जम्मा १८ अङ्कको ३ ओटा प्रश्नपत्रमा समेटिएका दुईवटा १० अङ्कका प्रश्न

अनिवार्य छन् भने १ ओटा ८ अङ्कका प्रश्न ऐच्छिक प्रश्नका रूपमा राखिएका छन् । कूल १८ अङ्कका ३ प्रश्न सोधिएकामा दुवै सोधिएकाले यसलाई राम्रो मान्न सकिन्छ । मोरङ र सुनसरी जिल्लाले जम्मा १ ओटा ४ अङ्कको ऐच्छिक प्रश्न जीवनी विधाबाट सोधेको छ भने त्यसलाई पनि ऐच्छिकमा राखेकाले विद्यार्थी उत्तर लेख्न वाध्य नभएकाले विधागत उपेक्षा नै भएको पाइन्छ । यसरी सबै प्रतिनिधि जिल्लाले जीवनी विधालाई स्थान दिएका भए पनि कसैले ऐच्छिक प्रश्नका रूपमा मात्र सकेटेका छन् भने कसैले अनिवार्य र ऐच्छिक रूपमै यस जीवनी विधालाई आफ्ना प्रश्नपत्रमा समेटेका छन् ।

### ४.३.३.६ चिठी विधा

चिठी विधाअर्न्तगत घरायसी चिठी, किार्यालयीय निवेदन समावेश छन् । चिठी लेख्य विधा हो । यस विधाको प्रमुख प्रयोजन व्यावहारिक सीपको अभिवृद्धि गर्नु हो । यस विधाका लागि प्रतिनिधि प्रश्नपत्रहरूले वितरण गरेको अङ्कभारको स्थितिलाई तल तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. १७**

**चिठी विधाका लागि अङ्कभार वितरण**

| जिल्ला | प्र.न. | प्रश्न संख्या | पूर्णाङ्क | प्रकृति |
|---|---|---|---|---|
| झापा | - | - | - | - |
| मोरङ | १२ “ख” | १ | ४ | ऐच्छिक |
| सुनसरी | १२‘ख’ | १ | ४ | ऐच्छिक |

माथिको तालिकालाई हेर्दा सबै प्रतिनिधि जिल्लाले चिठी विधालाई आफ्ना प्रश्नपत्रमा स्थान दिएका छैनन् । झापा जिल्लाले अङ्क ४ को एउटा प्रश्न चिठी विधाबाट ऐच्छिक प्रश्नका रूपमा राखेको छैन । मोरङ र सुनसरी जिल्लाले अङ्क ४ को एउटा प्रश चिठी विधाबाट ऐच्छिक प्रश्नका रूपमा राखेका छन् । विशिष्टीकरण तालिकामा पनि ‘चिठी’ विधालाई प्रश्नपत्रमा ऐच्छिक रूपमा राख्न सकिने व्यवस्था छ ।

### ४.३.४ पाठ्यपुस्तकका आधारमा

विद्यालय स्तरमा कक्षा आठका लागि पाठ्यक्रमका उद्देश्य प्राप्तिलाई सघाउन पाठ्यक्रमले निर्धारण गरेको विषयवस्तुको विस्तृत पक्षलाई समेट्दै निश्चित ज्ञान, सीप र अभिवृद्धिमा केन्द्रकृत पाठ्यपुस्तकको सिफारिस गरिएको छ । यसरी सिफारिस गरिएको पाठ्यपुस्तक शिक्षक तथा विद्यार्थीले उपयोग गर्दछन् । यसरी कक्षा आठमा पढ्ने विद्यार्थीको उमेर, रुचि, क्षमता र मनोवैज्ञानिक पक्षमा विचार पुऱ्याउँदै उनीहरूको मूल्याङ्कनका लागि पाठ्यपुस्तकमा आधारित प्रश्नपत्र उपयोग ल्याउनु उपयुक्त हुन्छ । यसको अर्थ प्रश्नहरू हुबहु पाठ्यपुस्तकमा भएका हुनै पर्छ भन्ने होइन यस अध्ययन कार्यमा उपयोग गरिएका प्रश्नपत्रहरूलाई अध्ययन गर्दा सबै जिल्लाका प्रश्नपत्रहरू पाठ्यपुस्तकमा नै आधारित भएर निर्माण गरिएको पाइन्छ । अर्थात् पाठ्यपुस्तकमुखी प्रश्नहरूको बाहुल्य प्रश्नपत्रमा देखिन्छ । प्रश्नपत्रहरूमा प्रश्नहरूको वितरण पाठ्यपुस्तकमा भएका प्रश्नहरूलाई लिएर गरिएको छ । अर्कोतर्फ प्रतिनिधि प्रश्नपत्रहरूमा हुबहु पाठ्यपुस्तकका पाठ तथा अभ्यास खण्डसँग सम्बन्धित नभएका प्रश्नहरू पनि समावेश छन् । ती प्रश्न पाठ्यपुस्तकमा रहेका विषयवस्तुको विधागत मर्ममा आधारित भएर नै सोधिएका छन् ।

प्रस्तुत अध्ययन कार्यमा प्रयोग गरिएका तीन जिल्लाका प्रश्नहरूमा निम्न प्रश्नहरू विद्यार्थीलाई सोधिएको छ :

प्र.नं. १२ “ख” मा ‘धेरै मूर्ख सन्तानभन्दा एक जना असल सन्तान हुनु बेस’ भन्ने विषयमा पक्षका तर्फबाट आफ्ना गहकिला तर्क प्रस्तुत गर्नुहोस् । (झापा)

यो प्रश्न पाठ्यपुस्तकको पाठमा छैन तर प्रश्नले पाठ्यक्रमको उद्देश्यलाई भने प्रतिबिम्बित गरेको छ । वास्तवमा शैक्षिक उद्देश्यको कार्यान्वयनका लागि सहयोगी सामग्री पाठ्यपुस्तक भए तापनि आफैँमा पूर्ण भने हुँदैन । त्यसैले विद्यार्थीले पढेका पाठबाट मात्र प्रश्न सोध्ने गरेमा विद्यार्थीहरूमा शैक्षिक उद्देश्य प्राप्ति भए वा नभएको जानकारी हुन सक्दैन तसर्थ माथि उल्लिखित प्रश्न उपयुक्त नै छ ।

### ४.३.५ विशिष्टीकरण तालिकाका आधारमा

विशिष्टीकरण तालिका २०६९ सँग अध्ययन कार्यमा उपयोग गरिएका तीनओटा जिल्लाहरू झापा, मोरङ र सुनसरीका प्रश्नहरूलाई तुलना गरी प्रश्नपत्रको केन्द्रीय सापेक्षता र उपयुक्ततालाई यस खण्डमा प्रस्तुत गरिन्छ । यसैगरी प्रश्नपत्रमा सङ्कलित एक-एक प्रश्नहरूलाई अध्ययन गरी प्रश्नपत्र र विशिष्टीकरण तालिकाबीचको अनुरूपतालाई यस खण्डमा प्रस्तुत गरिएको छ । यसका लागि विशिष्टीकरण तालिका २०६९ अनुसार सिफारिस गरिएका प्रश्नका प्रकार (पढाइ र लेखाइ) का शीर्षकलाई अध्ययन कार्यमा लिदै प्रश्नको तह, प्रश्नको सङ्ख्या, अङ्कभार र समयलाई प्रश्नपत्रमा उल्लेख गरिएअनुसार र विशिष्टीकरण तालिकाबीच तुलना गर्दै प्रश्नपत्रको अध्ययनलाई प्रस्तुत गरिएको छ :

#### ४.३.५.१ शब्द भण्डार

शब्द भण्डार अन्तर्गत शब्दार्थ (अर्थलेखन), शब्द पहिचान, वाक्यमा प्रयोगसँग सम्बन्धित प्रश्नहरू पर्दछन् । यस खण्डमा यिनै प्रश्नहरूको प्रतिनिधि प्रश्नपत्रमा गरिएको वितरण र ती प्रश्नको विशिष्टीकरण तालिका-२०६९ सँग तुलना गर्दै विश्लेषण गरिन्छ ।

विशिष्टीकरण तालिकाअनुसार अर्थलेखन, शब्द पहिचान र वाक्यमा प्रयोगका लागि क्रमश : ३, ३ र ४ अङ्कभार वितरण गर्नुपर्ने कुरा उल्लेख गरिएको छ । त्यसै गरी उक्त तालिकाअनुसार अर्थ लेखन र शब्द पहिचान ज्ञान सीपसँग सम्बन्धित र वाक्यमा प्रयोग व्यावहारिक सीपसँग सम्बन्धित हुने कुरा उल्लेख गरिएको छ ।

यस प्रकार झापा, मोरङ र सुनसरी जिल्लाका प्रश्नपत्रहरूमा शब्दभण्डार विधाका लागि वितरण गरिएका प्रश्नपत्रहरूलाई अध्ययन गर्दा विशिष्टीकरण तालिकाअनुरूप नै वितरित भएको छ ।

#### ४.३.५.२ व्याकरण

विशिष्टीकरण तालिका २०६९ मा उल्लेख भएअनुसार व्यावहारिक सीपको मूल्याङ्कन का लागि व्याकरण विधाबाट पहिचान, परिवर्तन र खाली ठाउँ भर्ने प्रश्नहरू

सोधिनुपर्ने हुन्छ । यसका लागि कुल पूर्णाङ्कको निम्नानुसार अङ्कभार वितरण गरी उल्लेख भएअनुसार प्रश्नहरू सोधिनुपर्ने कुरा गरिएको छ :

क) वर्णविन्यास र लेख्य चिह्न : यसका लागि ४ अङ्कभार वितरण गरी एउटा शब्दमा एउटा मात्र अशुद्धि पर्ने गरी वर्ण विन्यास ३ ओटो र लेख्य चिह्न १ ओटा पर्ने गरी ४ ओटा अशुद्धि दिई शुद्ध गर्न लगाउने र ह्स्वदीर्घ, य-ए, ब-व, श/ष/स, पञ्चय वर्ण, शिरबिन्दुबाट ४ ओटा बहुवैकल्पिक प्रश्न सोधी सही उत्तर छान्न लगाउने ।

ख) शब्दवर्ग : यसका लागि ३ अङ्कभार वितरण गरी ६ ओटा विभिन्न शब्दवर्गका शब्द रेखाङ्कन गरी छुट्ट्याउन लगाउने प्रश्न सोध्ने ।

ग) कारक र विभक्ति : यसका लागि १ अङ्क वितरण गरी २ ओटा कारक वा २ ओटा विभक्ति छुट्ट्याउन लगाउने प्रश्न सोध्ने ।

घ) काल, पक्ष र भाव : यसका लागि ३ अङ्क वितरण गरी काल, पक्ष र भावबाट ६ ओटा धातु सङ्केत गरी ६ ओटा वाक्यका खाली ठाउँ भर्न लगाउने ।

ङ) वाक्य परिर्वन र वाक्य रचना : यसका लाीग ८ अङ्कभार वितरण गरी लिङ्ग, वचन, पुरुष, आदर गरी २, वाच्य १, कारण/अकरण १, वाक्य कोटिका प्रश्न सोधी वाक्य परिवर्तन गर्न लगाउने र क्रियाका खास काल, पक्ष वा भवको कोटी तोकेर न्युनतम ४ वाक्यमा कुनै विषयको वर्णन गर्न लगाउने प्रश्न सोध्ने ।

यसरी प्रतिनिधि प्रश्नपत्रहरूमा व्याकरण परीक्षणका लागि वितरण गरिएको अङ्क विभाजनलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. १८**

**व्याकरण परीक्षणको अङ्क विभाजन**

| जिल्ला | वर्णविन्यास | शब्दवर्ग | कारक र विभक्ति | काल, पक्ष | वाक्य परिवर्तन | जम्मा | पूर्णाङ्क | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| झापा | २+२ | ३ | २ | ३ | ४+४ | १९ | ७५ | १४.२५ |
| मोरङ | २+२ | ३ | २ | ३ | ४+४ | १९ | ७५ | १४.२५ |
| सुनसरी | २+२ | ३ | २ | ३ | ४+४ | १९ | ७५ | १४.२५ |

प्रस्तुत तालिकालाई हेर्दा व्याकरण विधाबाट सबै प्रतिनिधि जिल्लाले वितरण गरेका प्रश्नपत्रहरू विशिष्टीकरण तालिका अनुरूप कै छन् । अर्थात् विशिष्टीकरण तालिकाको पूर्ण पालना गरी प्रश्नपत्र निर्माण भएका छन् ।

### ४.३.५.३ बोध प्रश्न (दृष्टांश)

परिमार्जित विशिष्टीकरण तालिका २०६९ मा बोध प्रश्न दृष्टांश गद्य हुने प्रावधान छ । यसका लागि पाठ्यपुस्तकका गद्य रचनाबाट १५० शब्द सम्मको अनुच्छेद दिई पठनबोध क्षमताको परीक्षण गर्ने खालका ५ प्रश्न सोधी अङ्कभार ५ वितरण गर्दै उत्तर दिनुपर्ने समय ९ मिनेट निर्धारण गर्नुपर्ने प्रावधान विशिष्टीकरण तालिकामा उल्लिखित छ । यस सन्दर्भमा तीन ओटै प्रतिनिधि जिल्लाले विशिष्टीकरण तालिका अनुरूपकै दृष्टांश गद्य दिई ५ प्रश्नका लागि ५ अङ्कको व्यवस्था गरेका छन् ।

### ४.३.५.४ बुँदा टिपोट र सारांश (दृष्टांश)

विशिष्टीकरण तालिका २०६९ अनुसार ७५ पूर्णाङ्कको परीक्षामा गद्य विधाबाट १०० शब्दसम्मको गद्यांश दिई चारओटा बुँदा टिपी सारांश लेख्न लगाउने प्रश्नका लागि ५ अङ्क छुट्ट्याइएको छ । यसले विद्यार्थीको उच्च दक्षताको मापन गर्ने कुरा विशिष्टीकरण तालिकामा उल्लेख छ । यस सन्दर्भमा झापा, मोरङ र सुनसरी जिल्लाका प्रश्नपत्र सफल छन् । यसरी विशिष्टीकरण तालिका अनुसार नै तीन ओटै जिल्लाले दृश्य गद्य दिई ४ ओटा बुँदा टिपी सारांश लेख्न लगाएका छन् र त्यसको लागि ५ अङ्क छुट्ट्याएका छन् । जो विशिष्टीकरण तालिका अनुरूपकै छन् ।

### ४.३.५.५ निर्देशित रचना

परीक्षार्थीको उच्चदक्षता मापनका लागि बुँदा दिई कथा/जीवनीबाट एक प्रश्न वा वादविवाद/संवाद/चिठीमध्येबाट कुनै एक प्रश्न गरी दुई प्रश्न सोध्ने र कुनै एकको उत्तर दिन लगाउने कुरा विशिष्टीकरण तालिका २०६९ मा उल्लेख छ । उक्त तालिका अनुसार यसका लागि अङ्कभार ४ किटान गरिएको छ । त्यस्तै उत्तर लेख्नुपर्ने समय ९ मिनेट तोकिएको छ । यसै सन्दर्भमा अध्ययनमा उपभोग गरिएका झापाले जीवनीबाट एक प्रश्न र वाविवादबाट एक प्रश्न राखी छानेर एउटा मात्र गर्न निर्देशन दिइएको छ । मोरङले एउटा कथा रचना गर्ने र एउटा चिठी लेख्ने प्रश्न राखी छानेर एउटा प्रश्नको

उत्तर लेख्न निर्देशन गरिएको छ । त्यस्तै सुनसरी जिल्लाले पनि झापा जिल्लाको जस्तै एउटा प्रश्न जीवनीबाट र एउटा प्रश्न वादविवादबाट राखी छानेर एउटा मात्र प्रश्नको जवाफ दिन दिर्नेशन गरिएको छ । सबै प्रतिनिधि जिल्लाले यसका लागि ४ अङ्कको व्यवस्था गरेका छन् । यसरी हेर्दा सबै प्रतिनिधि जिल्लाका निर्देशित रचना विशिष्टीकरण तालिका अनुरूपकै छन् ।

### ४.३.५.६ भाव विस्तार/व्याख्या

विशिष्टीकरण तालिका २०६९ अनुसार भाव विस्तार प्रश्नबाट परीक्षार्थीको उच्च दक्षता मापन गरिन्छ । भाव विस्तार/व्याख्याका लागि कथा, कविता, निबन्ध/प्रबन्ध, जीवनी विधाका २ विशिष्ट पङ्क्ति दिई कुनै एकको व्याख्या, भाव विस्तार गर्न वा तात्पर्य खुलाउन लगाउने प्रश्न दिने कुरा विशिष्टीकरण तालिकामा उल्लेख छ । यसै सन्दर्भमा भाव विस्तार/व्याख्या प्रश्नका लागि झापा, मोरङ र सुनसरी जिल्लाका प्रश्नपत्रले विशिष्टीकरण तालिकालाई आत्मसात् गरी प्रश्नपत्र निर्माण गरेका छन् । भाव विस्तार/व्याख्याका लागि सबै प्रतिनिधि जिल्लाले विशिष्टीकरण तालिका अनुरूप नं. ४ अङ्कको व्यवस्था गरेका छन् ।

### ४.३.५.७ पाठगत प्रश्नोत्तर (सङ्क्षिप्त उत्तरात्मक)

पाठगत सङक्षिप्त प्रश्नोत्तरका लागि विशिष्टीकरण तालिका २०६९ मा कथा, कविता, निबन्ध/प्रबन्ध, जीवनीबाट मूल भाव, घटना, सन्देश, चरित्र आदिका सम्बन्धमा ३ ओटा प्रश्न सोधी कुनै २ ओटाको उत्तर दिन लगाउने कुरा उल्लेख छ । त्यस्तै पाठगत प्रश्नोत्तर अन्तर्गत नै राखिएको तार्किक शिल्प/समस्या समाधान प्रश्नका लागि कथा, कविता, निबन्ध/प्रबन्ध, जीवनी विधाका कुनै प्रसङ्ग दिई विचार तथा तर्कले पृष्टि गर्ने वा समस्या समाधान गर्ने खालको एक प्रश्न सोध्ने । यस्तो प्रश्न अनवार्य प्रश्नका रूपमा राखिएको छ । यी सबै प्रश्नका लागि ४/४ अङ्कको दरले कुल १२ अङ्क विभाजन गरिएको छ । यी सबै प्रश्नका लागि २२ मिनेटको समय तोकिएको छ । सबै प्रतिनिधि जिल्लाका प्रश्नपत्रहरूलाई हेर्दा विशिष्टीकरण तालिका अनुरूपकै प्रश्नहरू समावेश गरी विशिष्टीकरण तालिकाको पूर्ण पालना गरेका देखिन्छ ।

### ४.३.५.८ विवेचना

विवेचनात्मक प्रश्नका लागि विशिष्टीकरण तालिका २०६९ मा ८ अङ्क निर्धारण गरिएको छ । उच्च दक्षता मापन गर्ने यस प्रश्नका लागि कथा, निबन्ध/प्रबन्ध र जीवनीमध्ये कुनै २ विधाबाट विश्लेषणात्मक र सिर्जनात्मक क्षमताको परीक्षण गर्ने खालका २ प्रश्न सोधी १ प्रश्नको उत्तर दिन लगाउने व्यवस्था उल्लेख छ । यस प्रश्नका लागि १५ मिनेटको समय सीमा तोकिएको छ । प्रतिनिधि जिल्लाका प्रश्नपत्रर्ला हेर्दा झपा जिल्लो एउटा पंश्न 'जीवनी' विधाबाट र अर्को प्रश्न 'प्रबन्ध' विधाबाट सोधी कुनै एक प्रश्नको हल गर्न निर्देशन गरिएको छ । त्यस्तै मोरङले एउटा प्रश्न 'कथा' बाट र अर्को प्रश्न निबन्ध/प्रबन्धबाट राखी एउटा प्रश्नको जवाफ दिन निर्देशन गरिएको छ । त्यसैगरी सुनसरी जिल्लाले एउटा प्रश्न 'कथा' बाट र अर्को प्रश्न प्रबन्ध/निबन्ध विधाबाट समावेश गरी एउटा प्रश्नको मात्र जवाफ दिन निर्देशन गरिएको छ । अङ्कको विभाजन पनि विशिष्टीकरण तालिका अनुरूप नै सबै जिल्लाले ८ अङ्क राखेका छन् । यसरी हेर्दा सबै प्रतिनिधि जिल्लाका प्रश्नहरू विशिष्टीकरण तालिका अनुरूप नै निर्माण भएको देखिन्छ ।

### ४.३.५.९ स्वतन्त्र रचना : निबन्ध

स्वतन्त्र रचनाअन्तर्गत परीक्षाको उच्चदक्षता मापनका लागि निबन्ध लेख्न एउटा आत्मपरक र २ ओटा वस्तुपरक पर्ने गरी कुनै ३ शीर्षक दिने र ती मध्ये कुनै १ शीर्षकमा १५० शब्दमा नघटाई निबन्ध लेख्ने प्रावधान विशिष्टीकरण तालिका २०६९ मा उल्लेख गरिएको छ । निबन्ध लेखनका लागि आठ अङ्क छुट्ट्याइएको छ । निबन्ध लेख्न लाग्ने समय १५ मिनेट तोकिएको छ । यसै क्रममा निबन्ध लेखन प्रश्नका लागि झापा, मोरङ र सुनसरी जिल्लाले विशिष्टीकरण तालिका अनुसार नै प्रत्येकले तीन ओटा शीर्षक दिई एउटा शीर्षक छानेर निबन्ध लेख्न निर्देशन गरिएको छ र अङ्क पनि निबन्ध लेखनका लागि ८ नै छुट्ट्याएका छन् । यसरी निबन्ध लेखनका लागि सबै प्रतिनिधि जिल्लाले विशिष्टीकरण तालिकाको पूर्ण पालना गरेको देखिन्छ ।

### ४.३.६ प्रश्नपत्रको वैधताको विश्लेषण

जुन विषय र उद्देश्यको परीक्षण एवम् मापन गर्नका लागि प्रश्न बनाइएको हो त्यही कुराको सफल र प्रमाणित परीक्षण एवम् मापन हुन सक्ने स्थिति प्रश्नहरूमा देखिएमा त्यस्ता प्रश्नलाई वेध भनिन्छ । यसले मापनको शुद्धतालाई देखाउँछ । जे उद्देश्यको लागि साधनको निर्माण गरिएको छ सो उद्देश्य पूरा गर्न सक्ने क्षमता वा त्यसको हद वैधताले देखाउँछ ।

परीक्षणबाट प्राप्त हुने नतिजाको निष्कर्ष कतिको सही, अर्थपूर्ण र उपयोगी हुन्छ भन्ने कुराको सुनिश्चितता वैधताले गर्दछ । यसरी वैधताले परीक्षणले दाबी गरेअनुसारकै गुण कतिको मापन गर्न सक्छ भन्ने जनाउँछ । प्रश्नहरू आन्तरिक र बाह्य रूपबाट त्रुटिरहति हुन आवश्यक छ । वैधता उद्देश्यसँग सम्बन्धित छ । यसरी प्रतिनिधि प्रश्नहरूको वैधता पुष्टिका लागि वैधताका निम्न पक्षहरूमा अध्ययन विश्लेषण गरिएको छ :

#### ४.३.६.१ विषयगत वैधता

कुनै पनि परीक्षणमा विषयगत वैधता हुनका लागि त्यस परीक्षणमा समावेश गरिएका प्रश्नले सम्पूर्ण विषयवस्तुलाई प्रतिनिधित्व गरेको सुनिश्चित गर्नुपर्दछ । परीक्षणका साधनले पाठ्यक्रमले तोकेका उद्देश्य, विषयवस्तु, विषयवस्तुका सीमाहरूलाई समेटेको सुनिश्चितता गर्दछ भने त्यस्तो परीक्षणमा विषयगत वैधता भएको मान्न सकिन्छ । यसरी प्रतिनिधि जिल्लाका प्रश्नपत्रहरूको अध्ययनबाट ध्यान दिएर प्रश्नपत्र निर्माण भएको पाइन्छ । तसर्थ ती प्रश्नपत्रहरूमा विषयगत वैधता उच्च रहेको पाइन्छ ।

#### ४.३.६.२ रचनात्मक वैधता

कुनै पनि परीक्षण वा आकलन कार्यबाट प्राप्त नतिजाको आधारमा व्यक्तिको निश्चित गुण वा व्यवहारको व्याख्या गर्न सकिन्छ भने उक्त नतिजामा रचनात्मक वैधता भएको भन्न सकिन्छ । यहाँ रचना भन्नाले अवलोकन गर्न वा मापन गर्न नसकिने व्यक्तिका गुण वा व्यवहारहरूलाई जनाउँछ । जस्तै : बुद्धि, उपलब्धि प्रेरणा, चिन्ता, सहनशीलता, मनोवृत्ति, शाब्दिक दखलता, नेतृत्व क्षमता, शत्रुता, डिप्रेसन आदि (खनाल र अन्य, २०७० : १४३) ।

रचनात्मक भन्नुको तात्पर्य भावनात्मकता हो । गुणहरू भावनात्मक हुन्छन् । यिनीहरूलाई ज्ञानेन्द्रिय मार्फत् मात्रात्मक तवरमा जाँच्न सकिँदैन यिनीहरूलाई जाँच्नका लागि निश्चित आधारहरू विकास गर्नुपर्दछ । यस सन्दर्भमा प्रतिनिधि प्रश्नपत्रहरूको अध्ययन गर्दा प्रत्येक जिल्ललाका प्रश्नपत्रहरूमा स्वतन्त्र रचनाअन्तर्गत निबन्ध लेखन प्रश्न सोधिएको छ । यसले रचनात्मक वैधता प्राप्तिमा रहयोग पुऱ्याएको देखिन्छ । अर्कोतर्फ प्रतिनिधि प्रश्नपत्रहरूमा सोधिएका काष्ठस्थीकरणमा आधारित, स्तर प्रतिकूल र घुमाउरा प्रश्नहले भने रचनात्मक वैधताको गुणलाई आघात पुऱ्याएको देखिन्छ ; जस्तै :

प्र.न. १२ “ख” ‘धेरै मूर्ख सन्तानभन्दा एकजना असल सन्तान हुनुबेस’ भन्ने पक्षका तर्कबाट आफ्ना गहकिला तर्कहरू प्रस्तुत गर्नुहोस् । (घुमाउरो प्रश्न : सुनसरी)

यस्ता प्रश्नहरूले गर्दा रचनात्मक वैधतामा प्रभाव पारेको हुन्छ । तसर्थ घुमाउरो प्रश्न सोध्ने कार्य ठीक होइन । यस्ता प्रश्नहरू राख्नु हुँदैन ।

### ४.३.६.३ पूर्वसूचनात्मक वैधता

कुनै परीक्षणबाट प्राप्त नतिजाले निश्चित कुराको भविष्यवाणी गरेको हुन्छ र भविष्यमा उक्त कुरा मेल खान्छ भने त्यस्तो परीक्षणमा पूर्व सूचनात्मक वैधता उच्च हुन्छ । पूर्वसूचनात्मक वैधता प्रश्नहरूमा हुन आवश्यक छ । परीक्षार्थीहरूमा पूर्वसोचाइ अनुसार पछि पनि उपलब्धि हासिल भएमा पूर्वसूचनात्मक वैधता भएको विश्वास गरिन्छ । प्रश्नपत्र परीक्षार्थीको विशेष क्षमता जाँच्नका लागि पाठ्यक्रमको अपेक्षाअनुसार निर्माण गर्दै यसको मापन गर्नु पूर्व नै आधारको मापन पहिले गर्नुपर्दछ । यसले पूर्वसूचनात्मक वैधता कायम गर्न सघाउ पुऱ्याउँछ ।

यसै सन्दर्भमा प्रतिनिधि जिल्लाका प्रश्नपत्रहरूलाई अध्ययन गर्दा ती प्रश्नपत्रमा देखिएका रचनात्मक वैधताको कमजोरीले पूर्वसूचनात्मक वैधतामा समेत नकरात्मक असर परेको देखिन्छ । प्रश्नपत्रमा प्रश्नहरू विद्यार्थीले प्रयोग गरेको पाठ्यपुस्तकमा रहेका प्रश्नहरूसँग हुबहु मिल्नाले पनि प्रश्नपत्रको पूर्वकथनात्मक वैधता हुन सकेको छैन । कुनै विषयलाई बढी समेट्नु र कुनैलाई समेट्न नसक्नु जस्ता कारणले पनि पूर्वसूचनात्मक वैधतामा असर पर्न गएको देखिन्छ । नेपाली किताब कक्षा ८ बाट हुबहु सारिएका

प्रश्नहले पूर्वसूचनात्मक वैधतालाई कमजोर बनाएका छन् र ती प्रश्नहरू उदाहरूणका रूपमा तिल तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. १९**

**पूर्वसूचनात्मक वैधतामा आघात पुऱ्याउने प्रश्नहरूको विवरण**

| जिल्ला | प्रश्नमा सोधिएको प्र.न. | नेपाली किताब कक्षा आठको पाठ्यपुस्तकको पृष्ठ नं. | नेपाली किताब कक्षा आठको पाठ्यपुस्तकको प्रश्न न. |
|---|---|---|---|
| झापा | १३ "क" | ३ | ७ |
| | १३ "ख" | ६५ | ५ "ग" |
| | १४ "क" | ९८ | २ "ख" |
| | १४ "ख" | १२० | ६ |
| | १४ "ग" | १४० | ४ "ख" |
| मोरङ | १३ "क" | ६५ | ५ "ख" |
| | १४ "क" | १८ | ६ "क" |
| | १४ "ख" | ४३ | ५ "छ" |
| | १४ "ग" | ८२ | ४ "ख" |
| | १६ "ख" | ११२ | ७ |
| सुनसरी | १४ "ख" | १२० | ४ "ख" |
| | १४ "ग" | ४९ | ५ "घ" |

# परिच्छेद : पाँच

# निष्कर्ष तथा सुझाव

## ५.१ निष्कर्ष

प्रश्न विश्लेषणका लागि सङ्कलित प्रतिनिधि प्रश्नहरूको अध्ययन बाह्य र आन्तरिक स्वरूपका आधारमा गरिएको थियो । बाह्य आधारका दृष्टिले अध्ययन गर्न प्रश्नपत्रको स्वरूप, निर्देशन, अङ्क विभाजन र समय निर्धारण, प्रस्तुति अनुक्रम, भाषालाई प्रमुख आधार मानिएको थियो । ती आधारहरूभित्र पनि अन्य उप-आधारहरू तय गरी प्रश्नपत्रको विश्लेषण गरिएको थियो । त्यस्तै आन्तरिक आधारमा प्रश्नहरूको अध्ययन गर्न पाठ्यक्रमका आधारमा, भाषिक सीपगत आधारमा, विधाका आधारमा प्रश्नपत्रको वैधताको विश्लेषणलाई मूख्य आधार बनाइएको थियो । ती आन्तरिक आधारहरूभित्र पनि अन्य उप-आधारहरू तय गरिएको थिए । उक्त आधारहरूबाट प्रतिनिधि जिल्लाका प्रश्नपत्रहरूको अध्ययन गर्दा बाह्य र आन्तरिक दुवै आधारमा प्रश्नहरू कमजोर रहेका पाइयो । तिनीहरूलाई निम्नानुसार चर्चा गरिएको छ :

**१. बाह्य आधारका दृष्टिले अध्ययन गर्दा निम्नानुसारको स्थिति देखा परेको छ :**

**क) प्रश्नपत्रको स्वरूप :**

प्रतिनिधि प्रश्नपत्रहरूमा सुनसरी जिल्लाले शीर्ष भागमै उत्तीर्णाङ्क लेख्दा ह्रस्व दीर्घ सम्बन्धी त्रुटि गरेर उत्तिर्णाङ्क स्पष्ट गल्ती गरेको छ । झापा र मोरङ जिल्लाले आधारभूत शिक्षा उत्तीर्ण परीक्षा लेखेका छन् भने सुनसरी जिल्लाले आधारभूत तह उत्तीर्ण परीक्षा ले लेखेको छ । एउटै कक्षाको परीक्षाको प्रश्नपत्रको शीर्ष भाग लेखाइमा एकरूपता पाइदैन । प्रश्नपत्रहरू चार पृष्ठसम्मका भए पनि त्यसमा पृष्ठ नं. उल्लेख गरिएको छैन । प्रश्न निर्देशन एउटा पृष्ठमा र प्रश्न चाहिँ अर्को पृष्ठमा दिइएको पनि छ । प्रश्न निर्देशन चिन्हको एउटा पूर्ण विराम दिइएको छ ।यसले विद्यार्थीलाई अन्योल सिर्जना गरेको छ । सबै प्रश्नपत्रहरूले किनारा छोडाइलाई खासै ध्यान दिइएको देखिदैन । अर्थात् चारैतिर २ से.मि. छाड्नुपर्नेमा त्यसो हुन सकेको छैन ।

**ख) निर्देशन :**

शीर्ष दिर्नेशन झापा र मोरङ जिल्लाले मात्र दिइएका छन् । प्रश्न निर्देशनमा चुकेका छन् । विकल्प निर्देशन पनि सबै जिल्लाले दिएका छन् । पृष्ठ निर्देशन तीनओटै जिल्लाले दिएका छैनन् । प्रश्न समाप्तिको जानकारी दिन अन्त्यमा तीन ओटै जिल्लाले 'समाप्त' भनी उल्लेख गरेका छन् । मोरङ जिल्लाको प्रश्नपत्रमा कक्षा उल्लेख छैन भने अन्य प्रश्नमा कक्षा उल्लेख गरिएको छ । मोरङ जिल्लाको भने शीर्ष भागमा पूर्णाङ्क ७५ उल्लेख भएपनि प्रश्न र अङ्क विभाजनमा अङ्क जोड्दा ७६ देखिएकाले त्रुटि रहेको देखिन्छ । यस्तो त्रुटिले विद्यार्थीमा अन्योलता ल्याउनुका साथै मनोवैज्ञानिक असर गर्ने देखिन्छ ।

**ग) अङ्क विभाजन र समय निर्धारण**

सबै प्रतिनिधि जिल्लाका प्रश्नपत्रमा पूर्णाङ्क, उत्तीर्णाङ्क  समय विभाजनमा एकरूपता छ । सबैले यसलाई निर्देशित पनि गरेका छन् । सबै प्रतिनिधि जिल्लाले विशिष्टीकरण तालिका २०६९ बमोजिम नै अङ्क विभाजन र समय निर्धारण गरेका छन् ।

**घ) प्रस्तुति अनुक्रम**

सबै प्रतिनिधि जिल्लाले विशिष्टीकरण तालिका २०६९ बमोजिम नै प्रश्नहरूको प्रस्तुति अनुक्रम एकै ढङ्गले गरेका छन् । जसले गर्दा प्रश्नपत्र वैज्ञानिक ढङ्गको छ भन्न सकिन्छ । सरलदेखि जटिलताको अनुक्रममा प्रश्नहरू प्रश्नपत्रमा राखिएका छन् ।

**ङ) भाषा**

सबै प्रतिनिधि प्रश्नपत्रमध्ये झापा जिल्लाको प्रश्नपत्रमा भाषा सम्बन्धी धेरै  त्रुटि भएको छ । वर्णविन्याससम्बन्धी त्रुटि, पदयोग र पदवियोगसम्बन्धी त्रुटि, लोपगत त्रुटिहरू धेरै भएका छन् । यी त्रुटि वा कमजोरीले गर्दा प्रश्नको वैधता र प्रश्नको आन्तरिक स्वरूपमा समेत प्रभाव पारेको अवस्था छ । मोरङ र सुनसरी जिल्लाका प्रश्नपत्रमा पनि उल्लेख्य त्रुटि भएका छन् । तसर्थ प्रश्नपत्रहरू भाषिक दृष्टिले दोषमुक्त छैनन् ।

**२. आन्तरिक आधारका दृष्टिले प्रश्नपत्रको अध्ययन गर्दा निम्नानुसारको स्थिति देखिएको छः**

**क) पाठ्यक्रमका आधारमा**

पाठ्यक्रमअनुरूपताको दृष्टिले भाषिक सीपगत आधारमा, विधाका आधारमा, पाठ्यपुस्तकका आधारमा र विशिष्टीकरण तालिकाका आधारमा प्रश्नपत्रहरूको अध्ययन गरिएको छ । यिनै आधारहरूबाट प्रश्नपत्रमा गरिएको प्रश्नहरूको वितरण अर्थात् प्रश्नपत्रमा सोधिएका प्रश्नका किसिम, तिनको सापेक्षता, समय र अङ्कभारलाई अध्ययन गर्दा प्रतिनिधि प्रश्नहरूबीच एकरूपता नै कायम भएको छ । प्रश्नपत्रमा प्रश्नहरू पाठ्यक्रको मापदण्ड बमोजिम नै प्रयोग भएका छन् ।

**ख) भाषिक सीपगत आधारमा**

सबै प्रतिनिधि जिल्लाका प्रश्नहरूमा भाषिक क्षेत्रबाट सोधिएका प्रश्नसङ्ख्या, प्रश्नका किसिम र तिनको अङ्कभार पाठ्यक्रम अनुरूप नै छन् । विधागत अपेक्षा र भाषिक क्षेत्र अनुरूपकै प्रश्नहरू प्रश्नपत्रमा समावेश गरिएको छ । त्यसैले ती प्रश्नहरूबीच भाषिक सीपगत आधारमा समञ्जस्य भएको पाइन्छ ।

**ग) विधागत आधारमा**

प्रतिनिधि प्रश्नपत्रहरूमा पाठ्यक्रमले निर्धारण गरेको विधा वा विषयवस्तुको सीमाभित्र बाँधिएरै प्रश्नहरू निर्माण भएका भए पनि कुनै विधाका प्रश्नहरू बढी र कुनै विधाका प्रश्नहरू कम परेका छन् । विधागत सन्तुलन पूर्ण कायम हुन सकेको छैन । विधागत रूपमा प्रश्न छुट्ट्याउँदा कम्तिमा एउटा प्रश्न अनिवार्य गर्नु पर्नेमा यो नभई सबै प्रश्न ऐच्छिक भएको देखिएकाले विधागत उपेक्षा समेत भएको देखिन्छ ।

**घ) पाठ्यपुस्तकका आधारमा**

पाठ्यपुस्तकलाई पाठ्यक्रमको साधनका रूपमा मात्र नलिई साध्यकै रूपमा लिने परम्परालाई प्रतिनिधि जिल्लाका प्रश्नपत्रले कायमै राखेका छन् । प्रश्नहरू हुबहु पाठ्यपुस्तक केन्द्रित भएर सोधिएको छ । पाठ्यपुस्तकबाट हुबहु धेरै प्रश्नहरू साभार गरी राखिएको छ ।

### ङ) विशिष्टीकरण तालिकाका आधारमा

परिमार्जित विशिष्टीकरण तालिका २०६९ अनुसार नै सबै प्रतिनिधि जिल्लाका प्रश्नपत्रहरू तयार भएका छन् । विशिष्टीकरण तालिका अनुसार नै सबै प्रतिनिधि जिल्लाका प्रश्नपत्रको पूर्णाङ्क ७५, उत्तीणाङ्क ३०, समय २ घण्टा १५ मिनेट कायम गरिएको छ । विशिष्टीकरण तालिका अनुसार नै सबै जिल्लाले जम्मा २३ प्रश्न सोधी १९ प्रश्नको उत्तर दिनुपर्ने व्यवस्था गरेका छन् । यसरी विशिष्टीकरण तालिकासम्मत हुने गरी प्रश्न सङ्ख्या, उत्तर दिनुपर्ने प्रश्नसङ्ख्या, अङ्भार र समयबीच सन्तुलन कायम राख्दै प्रश्नहरू निर्माण भएका छन् । ज्ञान, बोध, व्यवहारिक सीप तथा उच्च दक्षता मापन गर्ने प्रश्नपत्रमा विशिष्टीकरण तालिका अनुसार नै राखिएका छन् ।

### च) प्रश्नपत्रको वैधताको विश्लेषण

प्रतिनिधि जिल्लाका प्रश्नहरू पाठ्यक्रमको अपेक्षा र प्रश्नपत्रमा हुनुपर्ने गुणलाई ख्याल गरी निर्माण गरिएका भए पनि कतिपय प्रश्नहरू घुमाउरा खालका पनि छन् । प्रश्नहरूको विषयगत वैधता उच्च रहे पनि रचनात्मक वैधता र पूर्वसूचनात्मक वैधता कायम हुन सकेको छैन । कतिपय प्रश्नहरू घुमाउरा र पाठ्यपुस्तकबाट हुबहु सभार गरी राखिएकाले त्यस्तो वैधता कायम हुन नसकेको हो । स्वतन्त्र रचना अन्तर्गत निबन्ध लेखन प्रश्न सबै प्रश्नपत्रले राखेकाले आंशिक रचनात्मक वैधतामा भने सहयोग पुगेको देखिन्छ ।

## ५.२ सुझावहरू

क) प्रत्येक जिल्लाले प्रश्नपत्र निर्माण गर्दा प्रश्नको शीर्ष भागमा प्रश्नपत्र तयार गर्ने वा उपयोगमा ल्याउने संस्थाको नाम शुद्ध भाषामा लेख्नुपर्दछ ।

ख) प्रश्नपत्रमा विषय, कक्षा, पूर्णाङ्क, उत्तीर्णाङ्क र समय जस्ता कुरा शीर्ष भागमै आकर्षक ढङ्गले लेख्नुपर्दछ ।

ग) प्रश्नपत्रमा शीर्ष निर्देशन समेत दिनुपर्दछ ।

घ) प्रश्नहरू सरलबाट जटिलताको क्रममा राख्नुपर्दछ ।

ङ) पाठ्यक्रमको उद्देश्यपूरा गर्ने खालका प्रश्नहरू समावेश हुनुपर्दछ ।

च) प्रश्नहरू सरल, मध्यम र जटिल तीनै प्रकारका हुनुपर्दछ ।

छ) प्रश्नहरू विषयविज्ञ, अनुभवी र दक्ष शिक्षकहरूबाट निर्माण गराउनुपर्दछ ।

ज) प्रश्नहरू दोहोरो अर्थ नलाग्ने खालका हुनुपर्दछ ।

झ) प्रश्नहरूले मागेको उत्तरको लम्बाई र गहिराइको अनुमान हुने खालका प्रश्नहरू निर्माण गर्नुपर्दछ ।

ञ) प्रश्नहरू विद्यार्थीहरूको उमेर, अपेक्षा, भाषिक क्षमता, मनोविज्ञान आदि पक्षलाई ख्याल गरेर निर्माण गर्नुपर्दछ ।

ट) सबै भाषिक सीपलाई समेट्ने ढङ्गले प्रश्नपत्र निर्माण गर्नुपर्दछ ।

ठ) प्रश्नहरू विश्वसनीय र वैध हुनुपर्दछ ।

ड) विशिष्टीकरण तालिका बमोजिम नै प्रश्नहरू निर्माण गर्नुपर्दछ ।

ढ) प्रश्नहरूमा स्पष्ट ढङ्गले निर्देशन दिनुपर्दछ ।

ण) धेरै पृष्ठका प्रश्नपत्र भए पृष्ठ नं. पनि दिनुपर्दछ ।

त) सकेसम्म निर्देशन एउटा पानामा र प्रश्न अर्को पानामा पर्ने गरी प्रश्नहरू राख्न हुँदैन ।

थ) प्रश्नहरू निर्माण गर्दा आकर्षक कागजको प्रयोग गर्नुपर्दछ ।

द) प्रश्नपत्रको चारैतिरको किनारा छोडाइमा ध्यान दिनुपर्दछ ।

# सन्दर्भसूची


अधिकारी, हेमाङ्गराज (२०५१), *अनिवार्य नेपालीका सन्दर्भमा नेपाली भाषाको परीक्षण र मूल्याङ्कन,* शिक्षाशास्त्र सौरभ, ३ (३), ३०-३० रानीपोखरी, काठमाडौँ : शिक्षा क्याम्पस ।

आचार्य, दिलीपकुमार (२०५९), *२०५८ सालमा उपयोग गरिएका कक्षा आठको नेपाली भाषाका प्रश्नहरूको विश्लेषण,* काठमाडौँ : नेपाली भाषा शिक्षा विभाग त्रि.वि.।

इटनी, रामचन्द्र (२०५९), *एस.एल.सी. टेष्ट परीक्षा २०५८ सालमा उपयोग गरिएका नेपाली भाषा विषय प्रश्नपत्रहरूको अध्ययन,* काठमाडौँ : नेपाली भाषा शिक्षा विभाग त्रि.वि.।

ज.ब.रा., स्वयंप्रकाश र अन्य (२०६७), *शिक्षामा मापन तथा मूल्याङ्कन,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

ढकाल, नरेशविक्रम (२०५८), *२०५७ सालमा उपयोग गरिएका कक्षा १० को नेपाली भाषाका योग्यता जाँच परीक्षाका प्रश्नपत्रहरूको विश्लेषण,* काठमाडौँ : नेपाली भाषा शिक्षा विभाग त्रि.वि. ।

दाहाल, सुशीला (२०६९), *कक्षा ८ को जिल्ला स्तरीय परीक्षा २०६७ मा उपयोग गरिएका प्रश्नपत्रहरूको अध्ययन* , मोरङ, नेपाली शिक्षण विभाग, सुकुना बहुमुखी क्याम्पस ।

नेपाल प्रज्ञा प्रतिष्ठान(२०६०), *नेपाली बृहत् शब्दकोश,* कमलादी काठमाड्डौँ : पुन मुद्रित ।

पराजुली, तीर्थराज र अन्य (२०६५), *शिक्षामा मापन तथा मूल्याङ्कन,* काठमाडौँ : सनलाइट प्रकाशन ।

पराजुली, तीर्थराज र अन्य (२०६८), *शैक्षिक मापन तथा मूल्याङ्कन,* काठमाडौँ : सनलाइट प्रकाशन ।

पाठ्यक्रम विकास केन्द्र (२०६९), *आधारभूत पाठ्यक्रम,* भक्तपुर : सानोठिमी ।

पौडेल, हिममाया (२०६०), *उच्च माध्यमिक तह र अनिवार्य नेपाली विषयका २०५२-२०५९ साल सम्मका प्रश्नपत्रहरूको विश्लेषणात्मक अध्ययन,* काडमाडौँ : नेपाली भाषा शिक्षा विभाग त्रि.वि. ।

बस्नेत, कमलबहादुर (२०६२), *जिल्ला स्तरीय परीक्षामा उपयोग गरिएका कक्षा ८ को भाषाका प्रश्नहरूको विश्लेषण* , काडमाडौँ : नेपाली भाषा शिक्षा विभाग त्रि.वि.।

भण्डारी, पारसमणि र अन्य (२०६९), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : पिनाकल पब्लिकेसन प्रा.लि. ।

शर्मा, केदारप्रसाद र अन्य (२०६७), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।